

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ • अंक ९१ • २०८१ साल भाद्र ०२ गते आइतबार (18 August, Sunday, 2024) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मधेश आन्दोलनका बन्दीलाई रिहाइ गर्न माग

टुडे समाचारदाता

काठमाण्डु । जनता समाजवादी पार्टी (जसपा) नेपालले विभिन्न चरणमा भएका मधेश आन्दोलनका क्रममा आन्दोलनकारी माथि लगाइएका झुठा मुद्दाहरू खारेज गर्न माग गरेको छ ।

हालै काठमाण्डुमा सम्पन्न

**काठमाण्डुमा सम्पन्न भएको केन्द्रीय समिति बैठकले आन्दोलनकारीमाथि लगाइएका मुद्दा खारेज गर्न सरकारसंग भएका सम्झौताअनुरूप बन्दीको रिहाइ गर्न माग गर्ने निर्णय गरेको छ ।**

भएको केन्द्रीय समिति बैठकले आन्दोलनकारीमाथि लगाइएका मुद्दा खारेज गर्न सरकारसंग भएका सम्झौताअनुरूप बन्दीको रिहाइ गर्न माग गर्ने निर्णय गरेको छ ।

काठमाण्डुमा आयोजित पत्रकार सम्मेलनमा शनिबार बैठकका ६७ बुँदे निर्णय सार्वजनिक गर्दै जसपा नेपालले मधेश आन्दोलनका बन्दीको रिहाइका साथै रोक्का गरिएका जग्गा, धन-सम्पत्ति फुकुवा गर्न माग गरेको छ ।

उनले बन्दीहरूको रिहाइ, मुद्दा खारेजी र शहीद परिवारहरूको भरण-पोषण, शिक्षा, स्वास्थ्य उपचारको व्यवस्था गर्न सरकारसंग माग गरेको छ ।

त्यस्तै प्रहरी कर्मचारी समायोजनका लागि प्रदेश सरकारलाई प्रहरी हस्तान्तरण गरिनुपर्ने माग गर्दै संघीय निजामती ऐन संसद्बाट पारित गर्न समेत उनले माग गरे ।

उनले प्रदेशमा मन्त्रालय संख्या घटाउनुपर्ने र आवश्यक ऐन निर्माण गरी प्रदेशलाई अधिकार र स्रोतसाधन प्रदान गर्न पनि माग गरे ।

संविधानमा व्यवस्था भएबमोजिम विशेष, संरक्षित तथा स्वायत्त क्षेत्र कायम गरी त्यसको क्षेत्राधिकार निर्धारण गर्न, जिल्ला समन्वय समिति आवश्यक नरहेको र त्यसको भूमिका पनि आवश्यक नदेखिएकाले हटाउनु उचित हुने उनले बताए ।

स्थानीय तहलाई प्रदेश सरकारको क्षेत्राधिकारभित्र राख्न, संविधानमा आवश्यक संशोधन गरी जनताद्वारा प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुख राष्ट्रपतीय प्रणाली व्यवस्था गर्न उनले माग गरे ।

### दिशाहीन प्रदेश सरकार

## केही महिनामै बदनाम भए मुख्यमन्त्री

टुडे समाचारदाता

जनकपुरधाम । मुख्यमन्त्री सतीशकुमार सिंहको सरकार अपरिपक्व चालले दिशाहीन बन्दै गएको छ ।

खास गरी जनमत पार्टी वैचारिक धरातललाई बिर्सेर सत्ता मोहको दोडधुपमा अधकल्चोपनाबाट आक्रान्त भएको विश्लेषकहरुको भनाइ छ ।

संघदेखि प्रदेशसम्ममा वैचारिक भन्दा सरकारको समर्थन र नेतृत्वको सेरोफेरोमा अस्थिर खेलमा साक्षी र सहयात्री बनेका कारण पनि सो अवस्था देखिएको राजनैतिक विश्लेषकहरुको ठहर छ ।

मुख्यमन्त्री सिंह मधेश प्रदेश सरकारको नेतृत्वको अवसर पाएपछि जनमत पार्टीका अध्यक्ष सीके राउतको निर्देशन पालना र मन्त्रीमण्डल गठन , माओवादी केन्द्र र नेकपा एसकोसँगको यात्रा भंगपछि नेकपा एमाले , नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टीसँगको समर्थनमा नयाँ सहकार्यको यात्राको थालनीदेखि दिशाहीनताको क्रम तीव्र भएको पाइएको छ ।

संघयि सरकारको सत्ता समीकरणको संरचना अन्तर्गत नेकपा एमाले , नेपाली कांग्रेस , लोकतान्त्रिक समाजवादी पार्टीसँगको साझेदारीको घरातलमा गठन र निरन्तरता पाएका मुख्यमन्त्री सिंहको कार्य शैली , निर्णय र अन्य क्रियाकलापले सरकार दिशाहीनताको भुँमरीमा परेको छ ।

मुख्यमन्त्री सिंह शुरुमै नेपाली कांग्रेससँग सहमति पालनामा गरेको जालझेल , कांग्रेसको अडानपछि सहमति पालना , राज्यमन्त्रीको बहाली र बर्खास्त , मन्त्रीहरुसँग कार्य सम्पादन करारनामा , खारेज हुने भनिएको मिडिया काउन्सिलमा अध्यक्षका पदका लागि विज्ञापनको अनुमति , नेकपा एमाले र जनमत पार्टीका सिफारिसमा विभिन्न आयोगमा पदाधिकारीको मनोनयन , नेपाली कांग्रेस र लोकतान्त्रिक समाजवादी पार्टीलाई आयोग , प्रतिष्ठानमा





राजनैतिक नियुक्तिबाट टाढा राख्ने कार्यले सरकारी संरचनामै अस्थिरता देखिएको छ ।

मुख्यमन्त्री सिंहले राज्यमन्त्री बहाली गरेपछि पार्टीद्वारा उनलाई सोधिएको स्पष्टीकरण र राज्यमन्त्री बर्खास्त र पार्टीलाई दिएको स्पष्टीकरण जस्ता गतिविधिले जनमत पार्टीकै छवि धुमिल पारेको विश्लेषकको ठम्याइ छ ।

मिडिया काउन्सिल सन्दर्भमा नेकपा एमालेको भूमिका पनि विरोधाभासपूर्ण देखिएको छ । मन्त्री राजकुमार लेखीले नै मिडिया काउन्सिल , विभिन्न आयोगको औचित्यमाथि प्रश्न खडा गरेको र स्वयम् नै काउन्सिलको अध्यक्ष पदका लागि आवदेन आह्वान गरी राजनैतिक स्वार्थलाई प्रश्रय दिएकाले मुख्यमन्त्री सिंहको कुशलतामाथि पुनः प्रश्न चिन्ह लागेको छ ।

लोक सेवा आयोग र नीति आयोगमा नेकपा एमाले र जनमत पार्टीको सिफारिसका पदाधिकारी हुनु मिडिया काउन्सिलको अध्यक्षमा नेकपा एमालेसँग आबद्ध भएकालाई पदमा नियुक्ति गर्ने रणनीतिप्रति नेपाली कांग्रेसका प्रदेश उपसभापति एवम् पूर्वमन्त्री वीरेन्द्र सिंहले असन्तुष्टि जनाउँदै यस किसिमको कार्य कांग्रेसलाई स्वीकार्य नहुने भनाइले मुख्यमन्त्री सिंहको सरकारबारे अडकलबाजी शुरु भइसकेको छ ।

जनमत पार्टीको एकल सरकार नभए पनि चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममा पुरै हस्तक्षेप गरी पार्टी अध्यक्ष राउतको महत्वाकांक्षी योजना कार्यान्वयन गर्न दिएको दबाबका कारण पनि दिशाहीनताको बाध्यत्मक अवस्था देखिएको छ ।

मधेश आन्दोलनको बलमा उदाएका नेताहरु संसद छिर्न पुराना दलको काँध चढ्ने प्रवृत्तिको विरोध गर्दे उदाएको दलको सूचीमा जनमत पार्टी पनि पर्दछ । विभिन्न गतिविधिले जनमत पार्टीले सरकारलाई दिंदा आन्दोलनको वैचारिक पृष्ठभूमिलाई बिर्सेको पाइएको छ ।

विश्लेषक चन्द्रकिशोर कांग्रेस र माओवादी मिल्दा होस वा एमाले र माओवादी होस वा कांग्रेस र एमाले मिल्दा जनमतले समर्थन दिएर वैचारिक धरातल दोधार प्रकट गरेको बताउँदै विचार नै सत्तामा गएर पनि केही नयाँ र राम्रो काम गरेर देखाएको खोइ त ? उनले प्रश्न गरे ।

१० गते पुस २०८० मा पुष्पकमल दाहाल नेतृत्व सरकारलाई समर्थन गर्दा जनमतले उद्योग मन्त्रालय नपाएको भन्दै सोही वर्ष २३ चैतमा सरकार छोडेको थियो । खानेपानी मन्त्रालयलाई कमजोर भन्दै उसले लत्याएको थियो । लुम्बिनी र मधेश प्रदेशमा पनि महत्वपूर्ण मन्त्रालय पाउँदा फरक काम गरेर देखाउन सकेन । एमाले र कांग्रेसको नयाँ समीकरणको सरकार पूर्व माओवादी नेतृत्वको सरकारमा अध्यक्ष राउत स्वयम् मन्त्रीका लागि लालायित देखिए पनि परिस्थितिको परिधिले बाटो छेकेको थियो ।

देश विखण्डनको मुद्दा छाडेर संसदीय निर्वाचनमा होमिदा जनमतलाई जनताले राष्ट्रिय दलको हैसियत दिए । तर उनको गतिविधि संघ र प्रदेशमा जनभावनाअनुकूल छैन । मधेशका पुराना दल सत्तामुखी भएको आरोप लगाएको जनमत पार्टी पनि पालैपालो परम्परागत दलको सारथीका रुपमा देखिएको विश्लेषकको भनाइ छ ।

कुनै पनि सरकारमा सहभागी हुन उद्यत हुने प्रवृत्ति नै जनमतको बदनामीको पगरी भएको विश्लेषक डम्बर खतिवडाको ठम्याइ छ ।

विश्लेषक चन्द्रकिशोर र खतिवडाको भनाइ अनुसार पुराना दलसँग लतारिएर राजनीति गर्ने नयाँ हुन सक्दैन , अनुहार जिउडालमा फरक भए पनि सत्ताका लागि मरिहत्ते गर्ने , आसेपासेलाई अवसर दिने र भागबण्डाको दोहोरी खेल्नु नै बदनामीको कारक हो ।






# 'आर्थिक सुधार आयोग गठन हुनु सकारात्मक'

काठमाण्डु । अर्थ मन्त्रालयले उच्चस्तरीय आर्थिक सुधार आयोग गठन गर्ने विषय समावेश गरेकामा नेपाल उद्योग वाणिज्य महासङ्घले यसलाई सकारात्मक रूपमा लिएको जनाएको छ ।




नेपाल उद्योग वाणिज्य महासङ्घ अध्यक्ष चन्द्रप्रसाद ढकालले शनिबार एक विज्ञप्ति जारी गर्दै भन्नुभएको छ, "महासङ्घले सुधारका लागि समन्वय गर्न उच्चस्तरीय आयोगको माग राख्दै आइरहेको थियो, महासङ्घको प्रस्तावलाई सरकारले प्राथमिकता दिएकामा आभार व्यक्त गर्दछु ।"

अर्थतन्त्र सम्बद्ध क्षेत्रबीच समन्वयको अभाव, निजी क्षेत्रको नीति निर्माण तहमा सीमित पहुँच र तत्कालीन एवं दीर्घकालीन रूपमा अर्थतन्त्र चलायमान बनाई दिगो आर्थिक विकास हासिल गर्नुपर्ने अहिलेको आवश्यकता भएकाले महासङ्घले आयोगको प्रस्ताव सरकारसमक्ष राखेको थियो । यसलाई अर्थ मन्त्रालयले सय दिनको प्राथमिकतामा समावेश गरेकामा उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णु पौडेलसहित मन्त्रालयलाई महासङ्घ धन्यवाद ज्ञापन गरेको छ । महासङ्घले मितव्ययी रूपमा आयोग सञ्चालनको ढाँचा पनि प्रस्ताव गरेको छ ।रासस

# क्यानडा अध्ययन गर्न जाने विद्यार्थीलाई दूतावासको सुझाव

काठमाण्डु । क्यानडास्थित नेपाली राजदूतावासले निकट भविष्यमै नयाँ शैक्षिकसत्रको सुरुआत हुन लागेकाले अध्ययनका लागि क्यानडा आउने तयारी गरिरहेका नेपाली विद्यार्थीलार्य सुझाव दिएको छ। दूतावासले क्यानडा बसाइ र अध्ययन सहज एवं समस्यारहित गर्दै दूतावासले अवास्तविक, अपर्याप्त र अतिरञ्जित प्रचारप्रसारमा मात्र भरगरेर पूर्ण तयारी नगर्दा विद्यार्थीले विविध समस्या व्यहोर्नु परेको यथार्थलाई राम्ररी ध्यान दिन आग्रह गरेको छ।




अध्ययनका लागि क्यानडा बनाउनका लागि विभिन्न सुझाव जारी गर्दै ध्यान पुऱ्याएर तयारी गर्न अनुरोध गरेको छ।

विद्यार्थीका लागि दूतावासबाट यसअघि गत वैशाख १७ मा जारी गरिएको जानकारी मूलक सूचना राम्ररी अध्ययनगरेर मात्र क्यानडाको तयारी गर्न उचित हुने दूतावासले जनाएको छ। आफूले अध्ययन गर्ने कलेज, अध्ययन गर्ने विषय, लाग्ने खर्च, कलेज रहेको सहर आदिबारे पर्याप्त खोजीगरी बुझेर आउँदा कम समस्या व्यहोर्नुपर्ने उल्लेख आउनु अघि पूर्वक्यानडामा रहेका आफन्त, इष्टमित्र, साथीहरू, पूर्वविद्यार्थी, विद्यार्थीका सोसल मिडिया नेटवर्क, सम्बन्धित सहरमा रहेका गैरआवासीय नेपाली सङ्घलगायत नेपाली डायस्पोराका सङ्घसंस्थासँग आफू आउन लागेको ठाउँ, पढाइको तौरतरिका, लाग्ने खर्च, आवासको उपलब्धता, रोजगारीका सम्भावना आदिबारे पर्याप्तमात्रामा बुझी जानकारी लिएर आउँदा सहज हुने दूतावासको सुझाव छ ।रासस

# जिपी कोइराला श्वासप्रश्वास केन्द्र हजार शय्याको बन्ने




काठमाण्डु । भारत सरकारले तनहुँको शुक्लागण्डकी नगरपालिकास्थित जिपी कोइराला राष्ट्रिय स्वासप्रश्वास केन्द्रलाई चिकित्सा विज्ञान शिक्षण प्रतिष्ठानका रुपमा निर्माण गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

राष्ट्रपति रामचन्द्र पौडेलसँग शुक्रबार भएको शिष्टाचार भेटमा नेपालका लागि भारतका राजदूत नवीन श्रीवास्तवले तीन सय शय्याको केन्द्र निर्माण पूरा भएपछि अर्को चरणमा केन्द्रलाई एक हजार शय्यामा स्तरोन्नति गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको राष्ट्रपतिका प्रेस सल्लाहकार किरण पोखरेलले जानकारी दिनुभयो।

नेपाल र भारतबीच प्रधानमन्त्रीस्तरमा भएको समझदारीअनुसार केन्द्रको तीन सय शय्याको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार भएको छ । भविष्यमा मुलुकका निम्ति आवश्यकपर्ने चिकित्सा सेवा एवं अध्ययन अनुसन्धान तीन सय शय्याबाट पर्याप्त नहुने भएकाले त्यसलाई एक हजार शयमा स्तरोन्नति गर्न राष्ट्रपति पौडेलले विशेष जोड दिँदै आउनुभएको थियो ।

सहरी आवास तथा भवन निर्माण विभागले तीन सय शय्याको डिपीआरसम्बन्धी संरचना तयार गरी निर्माण पनि तदनुरुप हुनुपर्नेतर्फ उहाँले नेपाल सरकारका सम्बन्धित निकायको ध्यान आकृष्ट गर्दै आउनुभएको थियो। पूर्वप्रधानमन्त्री एवं नेपाली कांग्रेसका नेता गिरिजाप्रसाद कोइरालाको स्मृतिमा केन्द्र स्थापना भएको हो । केन्द्रलाई देशको विशिष्ट अस्पताल तथा चिकित्सा शास्त्र अध्ययन प्रतिष्ठानका रुपमा विकास गर्ने लक्ष्य छ ।रासस

# क्षमताभन्दा तेब्बर कैदीबन्दी हुँदा समस्या

लमजुङ । यहाँको कारागारमा क्षमताभन्दा तेब्बर बढी कैदीबन्दी हुँदा स्वस्थ खाना, पिउने पानीलगायत समस्या हुन थालेको छ। ३५ कैदीकन्दी अट्ने गरी विसं २०२८ मा बैंसीसहर नगरपालिका-८ शेरामा निर्माण गरिएको जिल्ला कारागार लमजुङमा हाल एक सय १३ कैदीबन्दी छन् ।

मापदण्डअनुसार यहाँको कारागारको संरचना निर्माण भएको छैन । एक कैदीबन्दी बराबर एक मिटर लम्बाइ र चार मिटर चौडाइ क्षेत्रफल हुनुपर्ने कानुनी प्रावधान छ। पुरानो संरचना र क्षमताभन्दा बढी कैदीबन्दी कारागारमा बस्दा जीर्ण भवन भत्किएर ज्यान जाने त्रास रहेको कैदीबन्दी बताउँछन् । साथै गर्मी, उडुस र लामखुट्टेको टोकाइलगायत समस्या हुने गरेको उनीहरु बताउँछन् ।

कारागारका चौकीदार खुसीराम मगरातीले पुरानो जीर्ण बन्दै गएको भवनमा राति मुसा दौडिँदा पनि भवन भत्किन लाग्यो भनेर डराउनुपर्ने अवस्था आएको बताउनुभयो । "यतिबेला गर्मीको समय छ, धेरै कैदीबन्दी हुँदा सुत्न, बस्नलाई समस्या भइरहेको छ। स्वस्थ खाना र पिउने पानीको अभाव, उडुस र लामखुट्टेको टोकाइ, भुइँमा एकैठाउँमा सुदा राम्रोसँग फर्किन पनि नमिल्ने समस्या छ", उहाँले भन्नुभयो ।

गर्मीका साथै उडुसको टोकाइले राति निदाउन नसकिने चौकीदार मगरातीले गुनासो गर्नुभयो। "निदाएको बेलामा उडुसले टोकेको थाहा हुँदैन, ब्युझिदा शरीरभरि एलर्जी हुन्छ। एलर्जीको औषधि लगाउँदै बस्दै गर्नुपर्दछ", उहाँले भन्नुभयो। खाना खाने ठाउँ खुला रहेको बताउँदै खाना खाँदाखाँदै पानी परे भिजेर खानुपर्ने खवस्था रहेको उहाँले उल्लेख गर्नुभयो।

कारागारका नाइके शम्भुलाल श्रेष्ठले क्षमताभन्दा बढी कैदीबन्दी हुँदा बस्न, खानका साथै स्वास्थ्यमा समस्या हुन थालेको बताउनुभयो। उहाँले भन्नुभयो, "यहाँ उडुस र लामखुट्टे छन् । गर्मीमा बिजुली बत्ती र पर्याप्त पङ्खा नहुँदा गर्मीले बस्न, सुत्न सकिदैन, ठाउँको पनि अभाव छ", उहाँले भन्नुभयो ।कैदी विष्णु गिरी थापाले जीर्ण भवन र पर्याप्त संरचना नहुँदा पानी परेको बेलामा रुइदै खाना खानु परिरहेको बताउनुभयो। "गर्मीले उकुसमुकुस बनाउँछ, उडुस र लामखुट्टेले टोक्छन् । कानुनी सजायभन्दा बढी सास्ती यो सजायबाट भइको छ", उहाँले भन्नुभयो। मापदण्डअनुसार आधुनिक संरचना निर्माण गरी कैदीबन्दीको जीवन सहज बनाउन उहाँले सरोकार भएकासँग आग्रह गर्नुभयो ।

"राति जसोतसो बसेर रात कटाउने गर्छौं, दिउँसोभित्र बस्दा गर्मी, बाहिर निस्किदा घामले पोल्ने समस्या छ। यसरी दिनरात कटाउँदा स्वास्थ्यमा समस्या आउने चिन्ता लाग्न थालेको छ", कैदीबन्दी थापाले भन्नुभयो। यहाँ भूकम्प गएमा सबै कैदीबन्दी अट्ने खुला ठाउँ नभएको भन्दै भवन र पर्खाल भत्किएर ज्यान जाने त्रासमा सबै बस्ने गरेका उहाँले बताउनुभयो ।

सुरक्षाकर्मीले बस्ने पोष्ट पनि जीर्ण अवस्थामा भएकाले सुरक्षाकर्मीलाई जोखिम रहेको कारागारका निमित्त जेलर सुमिता मरासिनीले बताउनुभयो। कारागारको कार्यालयबाट कैदीबन्दी बसोबास गर्ने संरचना चार रोपनी क्षेत्रफलमा फैलिएको कारागार कार्यालयले जनाएको छ। कारागारका निमित्त जेलर मरासिनीले कारागारमा क्षमताभन्दा बढी कैदीबन्दी हुँदा स्वाभाविक रुपमा विभिन्न समस्या हुने गरेको बताउनुभयो। "कारागार भवन धेरै पुरानो हो, विसं २०७२ मा गएको भूकम्पले कारागारको पर्खाल भत्किएको थियो, अहिले पनि उक्त पर्खाल जीर्ण हुँदा जोखिम उत्तिकै छ", उहाँले भन्नुभयो ।

कैदीबन्दीलाई उडुस र लामखुट्टे मार्ने औषधि दिने गरिएको बताउँदै जेलर मरासिनीले उडुस र लामखुट्टे



नियन्त्रणको प्रयास गरे पनि नियन्त्रण हुन नसकेको बताउनुभयो। "यसको मुख्य कारण पुरानो कारागार, क्षमताभन्दा बढी कैदीबन्दी, गर्मी र उकुसमुकुसले भएको चिकित्सक बताउँछन्", उहाँले भन्नुभयो ।निमित्त जेलर मरासिनीले १० महिला र २५ पुरुष गरी ३५ जनाको क्षमता रहेको कारागारमा केही समयअघि २० जना अट्ने एउटा कोठा निर्माण गरिएको जानकारी दिनुभयो।

प्रमुख जिल्ला अधिकारी बुद्धबहादुर गुरुङले पुरानो संरचना र क्षमताभन्दा बढी कैदीबन्दी हुँदा विभिन्न समस्या भइरहेको बताउनुभयो। "हामीले सम्बन्धित निकायलाई यहाँको समस्याका बारेमा जानकारी गराएर समाधानको पहल गरिदन आग्रह गरिरहेका छौँ", उहाँले भन्नुभयो । रासस

# खुम्बुमा बाढी : थामे खोलाको तटीय क्षेत्रमा कटान जारी

सोलुखुम्बु । सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ थामे खोलामा आएको बाढीले तटीय क्षेत्रमा कटान जारी रहेको छ। शुक्रबार दिउँसो थामे खोलामा आएको बाढीपछि खुम्बु र तल्लो सोलुका नदी आसपासका क्षेत्रमा कटान जारी रहेको छ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक लक्ष्मण गिरीका अनुसार नदीमा पानीको मात्रा केही कम भए पनि कटान भने जारी रहेको छ । बाढीले खुम्बु पासाङल्हामु-५ थामेका २० घर तथा होटल लज, एउटा स्वास्थ्यचौकी र विद्यालय बगाएको थियो।




बाढीले स्थानीय विद्युत् आयोजनाको विद्युत् गृह पूर्ण रुपले क्षतिग्रस्त बनाएको छ । खुम्बु पासाङल्हामु-३ फाक्दिङदेखि नाम्चे जामे क्षेत्रमा करिब दुई सय मिटर पदमार्ग कटान गरेको छ । उद्धारका लागि नेपाली सेना र नेपाल प्रहरी खटिएका प्रहरी नायब उपरीक्षक द्वारिकाप्रसाद घिमिरेले जानकारी दिनुभयो।

नेपाली सेना र प्रहरीले थामेबाट ९३ जनाको उद्धार गरी आर्मीक्याम्पमा राखेको छ भने ४२ जनालाई स्थानीय सामुदायिक भवनमा राखिएको छ । बाढीले तल्लो सोलुको तटीय क्षेत्रमा पनि असर गरेपछि माप्यदूधकोसी गाउँपालिका-६ का पाँच परिवारलाई प्रहरीले अन्यत्र स्थानान्तरण गरेको छ । उक्त बाढी भोटेकोसी हुँदै दूधकोसीमा मिसिँदा सोलुखुम्बुको तल्लो क्षेत्रमा पर्ने माप्य-खुम्बु मितेरी पक्की पुलमा क्षति पुगेको छ। बाढीले कोसी आसपासका क्षेत्र कटान गर्दा खुम्बु पासाङल्हामु गाउँपालिका र माप्यदूधकोसी गाउँपालिका जोड्ने दूधकोसी नदी माथिको पक्की मोटरेबल पुलमा क्षति पुगेको प्रहरीले जनाएको छ।

पुलमा क्षति पुगेसँगै सल्लेरीबाट खुम्बु सञ्चालन हुँदै आएको सिधा सडक सञ्जालसमेत टुटेको बताइएको छ। प्रहरी नायब उपरीक्षक घिमिरेले भन्नुभयो, "बाढीले जिल्लाको तल्लो क्षेत्रमा पनि क्षति पुऱ्याएको खबर छ, सोताङ र थुलुङ दूधकोसी जोड्ने दिप्लीघाटस्थित दूधकोसी नदी छेउमा राखिएको बेलीबृजको सामान बगाएको छ, नदी आसपासका बस्तीमा पनि सामान्य क्षति पुगेको छ। बाढी आउनुको कारण खुल्न सकेको छैन।"

खुम्बु क्षेत्रबाट उक्त बाढी हिमताल फुटेर आएको हुनसक्ने सगरमाथा प्रदूषण नियन्त्रण समितिका अध्यक्ष लामाकाजी शेर्पाले बताउनुभयो । कुन हिमताल फुट्यो भन्ने यकीन नभएको उहाँको भनाइ छ । बाढीले गाउँ नै बगाएको स्थानको स्थलगत निरीक्षणमा रक्षामन्त्री मानवीर राईसहित विपत् व्यवस्थापन समितिको टोली आज आउने प्रमुख जिल्ला अधिकारी देवी पाण्डे खत्रीले जानकारी दिनुभयो ।रासस

# 'खाद्य, ऊर्जा र जलवायु सङ्कटबाट पार पाउन सामूहिक प्रयास अपरिहार्य'




काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले नवप्रवर्तन, स्रोत र साधनको बुद्धिमत्तापूर्ण प्रयोगबाट अल्पविकसित, विकासोन्मुख एवं विकासशील राष्ट्रका जनताको हित सुनिश्चित गर्नका साथै आपसी साझेदारी र सहकार्यबाट समुज्ज्वल भविष्य निर्माण गर्न सकिने बताउनुभएको छ।

भारत सरकारद्वारा श्रव्यदृश्यका माध्यमबाट आयोजित तेस्रो शृंखलाको 'ग्लोबल साउथ समिट' को उद्घाटन सत्रलाई आज भर्चुअलरुपमा सम्बोधन गर्दै उहाँले उक्त कुरा बताउनुभयो।

'वसुधैव कुटुम्वकम्'को आदर्शअनुरुप 'दिगो भविष्यका लागि सशक्त ग्लोबल साउथ' शीर्षकमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीको अवधारणामा आयोजित उक्त सम्मेलन सामयिक भएको बताउँदै प्रधानमन्त्री ओलीले ग्लोबल साउथको अभिमत अभिव्यक्त गर्नुभएकामा आफ्ना भारतीय समकक्षीको सराहना गर्नुभयो।

विश्वका विभिन्न भागमा फैलिएको द्वन्द्व, खाद्य र ऊर्जा सङ्कट, जलवायु परिवर्तनका असरलगायत विषयले असमान रूपमा विकासशील देशहरूमा गम्भीर चुनौती थपेकाले तिनको सामना गर्न सामुहिक प्रयास अपरिहार्य भएकामा प्रधानमन्त्री ओलीले जोड दिनुभयो ।प्रधानमन्त्री ओलीले ग्लोबल साउथका १५ राष्ट्र तथा सरकारप्रमुखसँगै सम्मेलनलाई सम्बोधन गर्नुभएको हो। तुलनात्मक रूपमा न्यून आर्थिक एवं औद्योगिक विकास गरेका ७८ अल्पविकसित, विकासोन्मुख एवं विकासशील राष्ट्र ग्लोबल साउथका सदस्य छन् ।रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| वृष | : पारिवाहिक सुख । |
| मिथुन | : धन वृद्धि सञ्चय । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



महोत्तरी जिल्लाको जलेश्वर नगरपालिका -६ स्थित वन क्षेत्रमा भेडा चराउँदै एक किसान। *तस्बिर : रासस*

# प्रचण्ड गर्मीले जनजिवन कष्टकर, सडक सुनसान

**टुडे समाचारदाता**

राजविराज । केही दिनदेखि टन्टलापुर घामसंगै बढेको अत्यधिक गर्मीका कारण जनजीवन कष्टकर बनेको छ। बिहानै ३० डिग्री तापक्रम हुँदै दिउँसोसम्म ४१ डिग्री सम्म तापक्रम पुग्न थालेपछि जनजीवन अस्तव्यस्त बन्न पुगेको छ।

भदौं पहिलो साता सुरु हुन लाग्दा पनि कहिले काही मात्र पानी पर्दा गर्मी अत्यधिक बढ्दै गएपछि जनजीवन प्रभावित भएको छ।



बेला बखत सामान्य वर्षात भए पनि यस क्षेत्रमा गर्मी घट्न सकेको छैन । पानी परेर मौसम उग्रिनासाथ गर्मी बढ्न थालेको छ। चर्को घामका कारण मध्यान्हमा घर बाहिर निस्कनै मुस्किल पर्ने गरेको स्थानीयले बताएका छन्।

गर्मीले दिउँसोको समयमा मुख्य बजारका सडक सुनसान हुन थालेका छन्। सरकारी कार्यालयमा सेवाग्राहीको संख्या घटेको छ। गर्मीका कारण विद्यालय, उद्योग व्यवसाय सबै प्रभावित भएका छन्।

केही दिन यता प्रचण्ड गर्मी र पानी नपर्दा घाउ, खटिरा, आँउमासी, टाईफाईड, ज्वरो, झाडा पाखाला लगायतका रोगका विरामीको चाप बढदै गएको गजेन्द्र नारायण सिह अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट डा. नागेन्द्र यादवले बताए। उनले गर्मीको असरले स्वास्थ्यमा धेरै प्रकारको प्रभाव पार्ने भएकाले आवश्यक सावधानी अपनाउदै बढ्दो गर्मीबाट जोगिन फलफूलको जुस, पानीलगायतका तरल पर्दाथको सेवनलाई बढाउनुका साथै काम नभए दिउँसोको समयमा घरबाहिर नस्किन सर्वसाधारणलाई सुझाव समेत दिए।

चर्को घाम लाग्ने अनि हावा भने फिटिकै नचल्ने गरेका कारणले गर्मीबाट जोगिन घर बाहिर कमै निस्कने गरेको राजविराज ४ का होटल व्यवसायी शम्भु साहले बताए। उनले भने, घरमा वस्दा पनि गर्मीबाट खासै जोगिन सकिएको छैन। पंखाको हावाले काम गरिरहेको छैन । राती अलि शितल हुनु पर्ने हो, त्यो पनि छैन। गर्मी छल्न पंखा चलाउदा पनि तातो हावा फाल्ने गरेकाले सुत्न पनि निकै गाह्रो हुने गरेको छ।

यता गर्मी बढेसँगै बजारमा हरेक वर्ष चिसो पेयपदार्थको माग ह्वात्तै बढ्छ र यो वर्ष झनै त्यसको मात्रा बढेको छ । अहिले गर्मी बढेसँगै चिसो पेय पदार्थको बिक्री बढेको छ। अहिले बजारमा उखुको जुस, सर्वत, बरफ, कुल्फी, आइसक्रिमको व्यापार पनि एकाएक बढेको छ।

# बाढी पीडितलाई राहत सामग्री वितरण जारी छः प्राधिकरण

काठमाण्डु । सरकारले मनसुनका अवधिमा देशका विभिन्न स्थानमा आएको बाढी पहिरो पीडितलाई आवश्यकताका आधारमा राहत सामग्री वितरण गरेको छ। रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तराष्ट्रिय महासङ्घ (आइएफआरसी)को आर्थिक सहयोगमा नेपाल रेडक्रस सोसाइटी मार्फत तारपोलिन, ब्ल्याङ्केट, म्याट्रेस, त्रिपाल, सरसफाइ किट, कपडा, स्लिपिङ ब्याग जस्ता गैरखाद्यन्न सामग्री वितरण गरिएको राष्ट्रिय विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ।




प्राधिकरणका प्रवक्ता डा डिजन भट्टराईले मनसुनको दुई महिनामा अहिलेसम्म रेडक्रसमार्फत तारपोलिन २ हजार ५० थान , ब्ल्याङ्केट १ हजार ३० थान , म्याट्रेस ६१०, भाँडाकुँडा ५५५, झुल १५०, सरसफाई किट २२५, कपडा ३ हजार २४५ मिटर, ब्याग ५० थान वितरण भएको जानकारी दिनुभयो । यस्तै गृह मन्त्रालयबाट त्रिपाल १ हजार २० थान, टेन्ट १२० थान, ब्यांकेट ३०० थान, म्याट्रेस १०० थान र स्लिपिङ ब्याग ५० र झुल २०० थान वितरण भएको उहाँले बताउनुभयो । उहाँका अनुसार माग अनुसार राहत सामग्री वितरणको काम जारी छ।

प्राधिकरणका अनुसार मनसुनपछिको अहिलेसम्म १३ जिल्लाका विपद व्यवस्थापन कोषमा एक करोड ७६ लाख पठाइसकिएको छ।

मनसुन प्रभावित परिवारका लागि तत्काल राहत स्वरुप १५ देखि २० हजार पनि सहयोग गरिएको प्राधिकरणले जानकारी दिएको छ। सङ्कटासन्न परिवारलाई मानवीय सहयोग जारी रहेको आइएफआरसीले जनाएको छ।

प्रभावितहरुलाई स्थानीय तहलगायत संघ संस्थाको पहलमा अस्थायी आश्रयस्थलमा राखी खाद्यान्न व्यवस्थापन गरिएको छ। अहिलेसम्म यो दुई महिनामा सबै प्रकृतिका विपदमा परेर २११ ज्नाको मृत्यु भएको प्राधिकरणले जनाएको छ ।मनसुनी विपद्मा मात्रै परेर १७६ जनाको मृत्यु भइसकेको छ । ३ हजार बढी परिवार प्रभावित भएका छन् ।रासस

# भ्रष्टाचारविरुद्ध काम गर्दागर्दै हामीलाई सरकारबाट हटाइयो : अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले स्थायी समिति बैठकको समापनपछि पार्टी झन् एकताबद्ध भएको स्पष्ट पार्नुभएको छ। पोष्टबहादुर बोगटीको नवौं स्मृति दिवसका अवसरमा शनिबार केन्द्रीय कार्यालय पेरिसडाँडामा आज आयोजित कार्यक्रममा उहाँले पार्टीभित्रका शङ्का, उपशङ्का, विवाद र मतभेदलाई कसरी समाधान गरेर पार्टीलाई एकताबद्ध गर्ने र जनतामा जाने भन्ने विषयमा छलफल भएको बताउनुभयो।




"स्थायी समिति बैठकसम्म आइपुग्दा उपमहासचिव जनार्दन शर्माले राख्नुभएको मतलाई लिएर पार्टी विभाजन हुन्छ भनेर सुनाउने गरेका थिए", अध्यक्ष दाहालले भन्नुभयो, " पार्टी बैठकको अन्त्यसम्म आइपुग्दा पार्टी विभाजन गर्ने नेता शर्माको कुनै उद्देश्य र नियत छैन, यससम्बन्धमा स्वयम् उहाँले नै स्पष्ट पार्नुभएको छ, कसैलाई पार्टी विभाजन हुन्छ भन्ने आशङ्का छ भने त्यसबाट मुक्त हुन देशभरका नेता कार्यकर्तालाई आग्रह गर्दछु।"

स्थायी समितिको बैठकमा छलफलका क्रममा नेता शर्माले अरूले मौखिक धारणा राखेजस्तै आफूले लिखित रूपमा धारणा राखेका तर आफ्नो मत फरक नरहेको स्पष्ट पारेको अध्यक्ष दाहालले बताउनुभयो । उहाँले भन्नुभयो, "शर्माले नेतृत्वलाई स्थापित गर्नकै लागि हो भनेर भन्नुभएको छ। उहाँले फरक मत भन्नुभएको छैन । उहाँको दस्ताबेजलाई पनि समेटेर पार्टी अगाडि जान्छ।"पार्टी एकताबद्ध भएर अगाडि बढ्ने जनाउँदै उहाँले भन्नुभयो, "पार्टी विभाजनको चर्चा बाहिर भएको भए पनि पार्टी स्थायी समिती बैठकमा आउँदा त्यो क्लियर भएको छ ।त्यो आंशका मैले लिए पनि अरूले लिए पनि त्यो निराधार भएको कुरा क्लियर भए हुन्छ।"

अध्यक्ष दाहालले भ्रष्टाचारविरुद्ध काम गर्दागर्दै आफूलाई सरकारबाट हटाइएको दाबी गर्नुभयो । "पार्टी सरकारमा हुँदा सुशासन, सामाजिक न्यायको सवालमा धेरै काम गरिएको छ। भ्रष्टाचारका विरूद्ध सुशासनको पक्षमा महत्वपूर्ण काम भएका छन्, बजेट निर्माणमा पनि उत्पादनमा जोड दिन खोजिएको छ । भ्रष्टाचारविरुद्ध काम गर्दागर्दै हामीलाई सरकारबाट हटाइयो," उहाँले भन्नुभयो।

अध्यक्ष दाहालले साधारण किसान परिवारमा हुर्केर ठूलो राजनीतिक उचाइ हासिल गर्नुभएका बोगटीको व्यक्तित्व र चरित्रले सिङ्गो समाजलाई नै प्रभावित पार्न सक्ने अवस्था रहेको स्मरण गर्नुभयो । "बोगटी पार्टीको नेतृत्वमा आउने र मन्त्री बन्ने मात्र होइन, आफ्नो विशेषता र चरित्रद्वारा सिङ्गो समाजलाई प्रभावित गर्नुभयो", उहाँले भन्नुभयो, "पार्टी अप्ठ्यारो अवस्थामा पुगेको अवस्थामा सम्पूर्ण जिम्मेवारी बोगटीलाई लगाइन्थ्यो, उहाँले त्यसलाई सफल बनाउनुहुन्थ्यो । "

बोगटीले पार्टी लाइन र नेतृत्वप्रति आशङ्का गर्ने कहीँकतै भूमिका नखेलेको स्मरण गर्दै अध्यक्ष दाहालले पार्टी नीतिलाई परिमार्जित गर्ने र नेतृत्वलाई अझ बलियो बनाएर लैजानेमा उहाँ बढ्ता केन्द्रित हुने चर्चा गर्नुभयो । "पार्टीभित्र नेतृत्वलाई समझदारीमा ल्याउने काम निरन्तर गरिरहनुभयो", उहाँले भन्नुभयो।

वरिष्ठ उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पार्टीलाई साङ्गठनिक रुपमा एकताबद्ध तथा वैचारिकरुपमा क्रान्तिकारी बनाउन सांस्कृतिक रुपान्तरणको अभियान सञ्चालन गर्नुपर्ने बताउनुभयो । उहाँले पार्टीलाई थप बलियो बनाएर लैजानेमा सिङ्गो स्थायी समिति एकमत भएको उल्लेख गर्दै पार्टी नेतृत्वलाई बलियो बनाएर लैजाने सबैको ध्यान जानुपर्नेमा जोड दिनुभयो।

वरिष्ठ उपाध्यक्ष श्रेष्ठले पार्टीभित्रका वैचारिक असमझदारी र अन्तरसङ्घर्षलाई सही ढङ्गले विश्लेषण गरेर पार्टीलाई झन् एकताबद्ध बनाउन बोगटीले खेल्नुभएको भूमिका अतुलनीय रहेको बताउनुभयो ।प्रतिष्ठानका अध्यक्ष वर्षमान पुनले दिवंगत नेता बोगटीको योगदानलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न प्रतिष्ठान क्रियाशील रहेको स्पष्ट पार्नुभयो । प्रतिष्ठानले आगामी दिनमा वैचारिक विषयलाई कार्यकर्ता र जनताका बीचमा लैजाने उहाँले जानकारी दिनुभयो ।रासस

# सरकार र निजी क्षेत्रको सहयोगमा ऊर्जा क्षेत्रको विकास जरुरी छः मन्त्री खड्का

काठमाण्डु। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले सरकार र निजी क्षेत्रको परस्पर सहयोगमा मुलुकमा ऊर्जा क्षेत्रको विकास गर्न जरुरी रहेको बताउनुभएको छ।

नेपाल विद्युत् प्राधिकरणको ३९औँ वार्षिकोत्सवका अवसरमा आज शुभकामना दिँदै मन्त्री खड्



काले मुलुकभर रहेको जलस्रोतको अधिकतम उपयोग गरी सरकारी र निजी क्षेत्रको परस्पर सहयोग तथा समन्वयबाट ऊर्जा क्षेत्रको विकास गरी मुलुकलाई समृद्ध बनाउनु जरुरी रहेको बताउनुभयो। उहाँले नेपालको कूल विद्युत् उत्पादन क्षमता तीन हजार २०० मेगावाट पुगेको र गत आर्थिक वर्षमा मात्र करिब चार सय ६३ मेगावाट राष्ट्रिय ग्रिडमा थपिएको जानकारी दिनुभयो। मन्त्री खड्काले सन् २०३५ सम्ममा २८ हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य पूरा गर्नेतर्फ सम्बद्ध निकायले थप प्रभावकारी रुपमा काम गर्न जरुरी देखिएको बताउनुभयो ।मन्त्री खड्काले सरकारले राखेको लक्ष्य पूरा गर्नसकेमा मुलुकमा पर्याप्त ऊर्जा खपत बढाउन सकिने, औधोगिकीकरणको विकास भई पर्याप्त रोजगारी सिर्जना हुने र आन्तरिक ऊर्जाको निर्यातबाट पर्याप्तमात्रामा वैदेशिक मुद्रा आर्जन गर्ने अवसर प्राप्त हुने बताउनुभयो।

"प्राधिकरणले पछिल्लो समयमा विद्युत् उत्पादन, प्रसारण तथा वितरणका क्षेत्रमा राम्रो प्रगति हासिल गर्दै आए पनि आम उपभोक्तालाई नियमित र गुणस्तरीय विद्युत् सेवा प्रदान गर्न एवं जनतालाई विनाझन्झट छिटोछरितो रुपमा सेवा दिनेतर्फ प्राधिकरणले जिम्मेवार भई काम गर्नुपर्ने देखिएको छ", मन्त्री खड्काले भन्नुभयो । उहाँले मुलकभित्र औद्योगिक करिडोर निर्माणगरी यस क्षेत्रका उद्योगी, व्यवसायीले मागेजतिको क्षमतामा विद्युत् शक्ति दिन, दुरदराजका सबै घरमा २०८२ साल भित्र विद्युत् सेवा पुऱ्याउन, स्वदेशमा खपत हुन नसकेको अतिरिक्त ऊर्जालाई छिमेकी मुलुकमा निर्यात गर्न आवश्यक पूर्वाधार निर्माणका साथै अधिकतम ऊर्जा खपत तथा व्यापार अनुकूल हुनेगरी नीतिगत, संरचनागत र कानुनी व्यवस्था मिलाउन मन्त्रालयको आवश्यक सहयोग र समन्वय हुने विश्वास व्यक्त गर्नुभएको छ।

ऊर्जा क्षेत्रको विकासका लागि आगामी वर्षलाई थप उपलब्धिमूलक वर्षका रुपमा बनाउन थप समर्पण र उपलब्धिका लागि प्राधिकरणको सिङ्गो टोली लाग्ने मन्त्री खड्काको विश्वास छ । आगामी दिनमा प्राधिकरणले ऊर्जा मिश्रणको नीतिलाई आत्मासात् गर्दै सोही अनुकूलको आयोजना निर्माण गर्न र विशेषगरी ठूला जलाशययुक्त जलविद्युत् आयोजना निर्माण गर्न पहलकदमी लिने उहाँले उल्लेख गर्नुभयो। मन्त्री खड्काले प्राधिकरणले मुलुकभर सस्तो र भरपर्दो विद्युत् सेवामार्फत नेपालको ऊर्जा क्षेत्रको विकासमा गरेको योगदान सराहनीय रहेको उल्लेख गर्दै प्राधिकरणले लिएको लक्ष्य हासिल गर्न सरकारकोतर्फबाट सदैव सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो। रासस


## श्री जनता जायसवाल प्रा.तथा व्या.माध्यमिक (०-१२) विद्यालय

**गणेशमान चारनथ न.पा. ६, गोदार, धनुषा (नेपाल)**

## शिक्षक आवश्यकता सम्बन्धि सूचना

यस श्री ज.जा.(प्रा.तथा व्या.) मा.वि. गोदारको वि.व्या.स. को वैठक मिति २०८१/०४/३१ को निर्णय अनुसार यस विद्यालयमा रिक्तरहेको तपसिलमा उल्लेखित पदहरुमा शिक्षक, सहायक प्रशिक्षक र प्रशिक्षण सहायक छनौट गर्नु पर्ने भएको हुँदा इच्छुक व्यक्तिहरुवाट दरखास्त दिनको लागि विज्ञापन प्रकाशित गरिएको छ।

**तपशिल**


| क्र.स. | विज्ञापन नं. | विषय | पद | पद संख्या | नियूक्तिको किसिम | तह/श्रेणी | शैक्षिक योग्यता | आवेदन फारम दस्तुर |
|---|---|---|---|---|---|---|---|---|
| ०१ | ०१/२०८१/२०८२ | विज्ञान (भौतिक) | शिक्षक | १ (एक) | करार | माध्यमिक/द्बितिय | मूल विषय भौतिक शास्त्र (Physics) मा स्नातकोतर (Master Degree) तह उतिर्ण | २५००।- |
| ०२ | ०२/२०८१/२०८२ | विज्ञान (रसायन) | शिक्षक | १ (एक) | करार | माध्यमिक/द्बितिय | मूल विषय रसायन शास्त्र (Chemestry) मा स्नातकोतर (Master Degree) तह उतिर्ण | २५००।- |
| ०३ | ०३/२०८१/२०८२ | Computer Engineering | सहायक प्रशिक्षक | १ (एक) | करार | नि. माध्यमिक/तृतिय | सम्बन्धित विषयमा डिप्लोमा CTEVT वा सो सरह | १५००।- |
| ०४ | ०४/२०८१/२०८२ | Computer Engineering | प्रशिक्षण सहायक | १ (एक) | करार | प्राथमिक/तृतीय | सम्वन्धित विषयमा कम्तिमा TSLC वा सो सरह | १०००।- |

५ **निवेदन साथ संग्लन गर्नुपर्ने कागजातहरू**

- नेपाली नागरिकताको प्रतिलिपि
- आफुले प्राप्त गरेको आवश्यक शैक्षिक योग्यताको प्रतिलिपि
- विदेशी संस्थावाट अध्यन गरेको भए समकक्षता प्रमाण-पत्रको प्रतिलिपि
- यस विद्यालय वाट प्राप्त फारम भरि त्यसमा तिन प्रति फोटो टाँसेको फारम
- निरोगिता प्रमाण-पत्र (हाल सालै प्रमाणित भएको)
- प्रतिलिपि कागजातमा निवेदक स्वयं आफैले प्रमाणित गरी व्यक्तिगत रेकर्ड फाइलमा फाइलिंग गरि पेश गर्नु पर्नेछ।
- शैक्षिक योग्यता अन्तर्गत ट्रान्सक्रिप्ट र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि अनिर्वाय हुनु पर्नेछ।
- विज्ञापन नं. ०१/२०८१/२०८२ र ०२/२०८१/२०८२ को हकमा उम्मेदवारको उमेर दरखास्त दिने अन्तिम मिति सम्म २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको तथा विज्ञापन नं. ०३/२०८१/२०८२ र ०४/२०८१/२०८२ को हकमा उम्मेदवारको उमेर दरखास्त दिने अन्तिम मिति सम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

६. **दरखास्त दिने मिति :** २०८१/०४/३२ गते देखि २०८१/०५/१४ गते सम्म
७. **आवेदन दिने समय र स्थान :** विद्यालयको कार्यालय, समय विहान १०:०० बजे देखि ४:०० बजे सम्म, शुक्रवारको दिन १:०० बजे सम्म
८. **सम्पर्क मिति :** २०८१/०५/१६ गते आइतवार
९. **तलवभता :** नेपाल सरकारको प्रचलित कानुन वमोजिम
१०. परीक्षा दस्तुर वापतको रकम नेपाल बैंक लिमिटेडको चल्ती हिसाव न. ००८००१००४६४२२७००००१ र खातावालाको नाम श्री जनता जायसवाल (प्रा.तथा व्या.) मा.वि.गोदारमा रकम जम्मा गरेको सक्कल भौचर।
११. **परीक्षाको किसिमः** लिखित (वस्तुगत र विषयगत) अन्तरवार्ता र आवश्यकता अनुसार प्रयोगात्मक
१२. अन्य जानकारीको लागि ९८४१६९५००७, ९८१४७०१५०५ मा सम्पर्क गरि जानकारी लिन सकिन्छ।
१३. परीक्षा सम्बन्धि कार्यक्रम सम्पर्क मितिमा जानकारी गरिने छ।

**शिक्षक छनौट समिति**



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# शिक्षाको अस्तित्वमाथि प्रश्नचिन्ह

मधेश प्रदेशमा सरकारको अस्थिरतासँगै नकारात्मकताले स्थान ओगटेको छ । बहुमतको अभावमा सधैं दलहरुको समीकरणको गणितीय चक्रमा नकारात्मकताको स्थान ओगटनुलाई स्वाभाविक नै मान्नु पर्छ । संघीयताको मूल मर्म अनुसार प्रादेशिक संरचनाहरु प्रदेशका जनताको भावना अनुरुप सञ्चालन हुनु पर्नेमा त्यसको विपरीत अहिले पनि केन्द्रीय मार्गचित्र , निर्देशन , आकांक्षा र राजनीतिक स्वार्थको उहापोहको भुमरीमा पर्नु नियति नै बनिसकेको छ । मधेश मधेशमा मुख्यमन्त्री लालबाबु राउतकै कार्यकालदेखि गणितीय चक्रको खेल शुरु भइ वर्तमानमा सतीशकुमार सिंहको मुख्यमन्त्रीत्व त्यही परिधिको सेरोफेरोमा रहेको छ । प्रदेश सरकारललाई माध्यमिक शिक्षा अन्तर्गत परीक्षाको अनुगमनका अतिरिक्त अन्य दायित्व वहनबाट टाढा राखिएको अवस्थामा प्रदेश सरकारद्वारा स्थापना गरिएको विश्वविद्यालयको सञ्चालनदेखि पठनपाठनको व्यवस्थापनको प्रमुख दायित्व निर्वाहको गम्भीर पक्ष पनि छ । सामुदायिक विद्यालयमा केन्द्रको ठुलो लगानी छ । शिक्षामा गरिने लगानी शैक्षिक क्रियाकलाप र शैक्षिक सुधारभन्दा भवन र तलब सुविधा खर्चिने गरेको छ । परिणामतः शिक्षा क्षेत्र गुणस्तरहीन र तहसनहसको अवस्था विद्यमान छ । जागिर धान्ने मानसिकता भएका शिक्षक शैक्षिक क्रियाकलापका माध्यमबाट वृत्ति विकास गर्नुभन्दा झोला बोक्ने कामलाई सहज र सम्मानित मान्ने प्रवृत्तिले गर्दा विद्यालय राजनीति गर्ने अखडा बनेको छ । हुन त केन्द्रले शिक्षक दरबन्दीमा विभेद गरेका तथ्यांक पनि सोचनीय छ । विद्यार्थीको संखषाका आधारमा शिक्षकको दरबन्दी हुनु पर्नेमा त्यसमा विभेदका सूचकहरु देखिन्छ । यसका अतिरिक्त शिक्षक राजनैतिक दलको छहारी खोज्नु , विभिन्न मुद्दामा सरकारलाई सम्झौता गर्न बाध्य पार्ने स्थिति छ । विद्यालय शिक्षा सुधार गर्ने विषय कहिल्यै आन्दोलनको मुख्य विषय वस्तु हुँदैन । अस्थिर र अस्पष्टको मार उच्च शिक्षा क्षेत्रमा पनि छ । कुनै बेला शिक्षाको पर्यायका रुपमा लिने गरेको राराब क्याम्पस निरीह अवस्थामा छ । राराब क्याम्पसकै प्राध्यापक अन्यत्र निजी क्याम्पसमा अध्यापन गरी अवसर र गौरवको अनुभूति गर्नु पनि शैक्षिक संस्थाको गरिमालाई स्खलित बनाएको सत्यलाई स्वीकार नगर्नु पनि सरकारको यसप्रतिको जिम्मेवारी बोधबाट टाढा हुनुमा सघाइ रहेको यथार्थ हो । प्रदेश सरकारले यस्तोमा कृषि विद्यालय र मधेश विश्वद्यालयको बजेटमा कटौती गरी दुबै विश्वविद्यालयको भविष्य नै अनिश्चित पार्ने कार्य गरेको छ । मुख्यमन्त्री राउतको कार्यकालमा स्थापना भएको विद्यालयलाई राजनीतिक दृष्टिबाट मूल्यांकन गर्नु निश्चय पनि सरकारको शिक्षाप्रतिको अवधारणा र भावना गलत रहेको साबित गर्छ । यो प्रवृत्तिलाई दुबै विश्वविद्यालयका लागि खग्रास ग्रहण नै मान्नु पर्छ यसले गर्दा अस्तित्वसँग खेलबाड र अस्तित्वमाथि प्रश्नचिन्ह उठनुका साथै निराशालाई निम्त्याएको छ ।

# प्रदेश खारेज : संविधानलाई घाइते बनाउने माग



अजय सुवेदी

हामीकहाँ कतिपयले संघीयतालाई विदेशीले थोपरिदिएको व्यवस्था भनी आलोचना गरेको पाइन्छ । वास्तविकता भने यो होइन, हामीकहाँ २००८ सालमै तराई काङ्ग्रेस पार्टीले संघीयताको माग गरेको थियो । यस्तै, नेपाल कम्युनिस्ट पार्टीका संस्थापक महासचिव पुष्पलाल श्रेष्ठले तयार गरेको राजनीतिक दस्ताबेजमा समेत जातीय र क्षेत्रीय विभेद अन्त्यका लागि निर्वाचित क्षेत्रीय सरकारको आवश्यक रहेको उल्लेख छ ।

सन् १९९० मा आएर नेपाल सद्भावना पार्टीले पनि हिमाल, पहाड र तराईसहित तीन प्रदेशसहितको संघीय शासन प्रणालीको अवधारणा पेस गरेको थियो । पछि नेकपा माओवादीले सशस्त्र सङ्घर्षका क्रममा विभिन्न जातीय, भाषिक र क्षेत्रीय स्वायत्त प्रदेशको अभ्यास गरेको देखिन्छ । तथापि उसले २०६३ माघ १ गते अन्तरिम संविधान जारी गर्दा उक्त मुद्दा छाडेको देखिन्छ । अन्तरिम संविधान जारी भएपश्चात् संघीय शासन प्रणालीको माग गर्दै तत्कालीन जनअधिकार फोरमको नेतृत्वमा मधेस आन्दोलन भयो । त्यसपछि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०६३ माघ २९ गते संघीय शासन प्रणालीसहित अन्तरिक संविधान संशोधन गर्न बाध्य भएका थिए । तसर्थ नेपालमा संघीय शासन प्रणाली राजनीतिक विकास क्रमकै उपज हो, कसैले थोपरिदिएको होइन, यसलाई अन्यथा तरिकाले विश्लेषण गर्नु उपयुक्त देखिँदैन ।

**संविधान घाइते बनाउने प्रदेश खारेजको माग**

हामीकहाँ संघीय सरकार र स्थानीय सरकारको अभ्यास नौलो होइन, प्रदेश सरकारको अभ्यास भने नौलो हो । संविधान जारीपछिको पहिलो निर्वाचन (२०७४) बाट बनेको प्रदेश सरकार चलाउन संवैधानिक आधारबाहेक केही थिएन । अर्थात् कानुनदेखि भौतिक संरचना बनाउनुपर्ने थियो । त्यसैले पहिलो प्रदेशसभाको कार्यकाल अत्यावश्यक कानुन निर्माण, कर्मचारी भर्ना र आवश्यक कार्यालय स्थापना आदि कार्यमै बित्यो ।

२०७९ सालमा सम्पन्न निर्वाचनपछिको डेढ वर्षको अवधिसम्म प्रदेशहरू राजनीतिक अस्थिरताको चपेटामा फस्न पुगे । यस अवधिमा कोशी प्रदेशमा पाँचवटा सरकार, सुदूरपश्चिममा तीनवटा सरकार, गण्डकीमा चारवटा सरकार गठन भइसकेका छन् । प्रदेशमा सरकार फेरबदल हुनुमा प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दल केन्द्रीय छायाबाट मुक्त नहुनु हो । राजनीतिक दलका प्रदेश समितिहरू राजनीतिक निर्णय गर्न स्वायत्त र अधिकार सम्पन्न छैनन् भन्ने तथ्य यसबाट उजागर भएको देखिन्छ । प्रादेशिक राजनीतिक नेताहरू केन्द्रीय नेताहरूको निर्देशनलाई मान्ने गर्छन् । केन्द्रीय सत्तामा आएको फेरबदलले प्रदेश सरकार तासको घरझैँ गल्र्यामगुर्लुम्म हुँदा प्रदेशमा राजनीतिक अस्थिरता बढेको देखिन्छ । यसबाट हाम्रो राजनीतिक संघीयता बामे सर्न समेत नसकेको देखिन्छ । राजनीतिक दलका संरचना संघीयता अनुकूल रूपान्तरण नहुँदा यस्तो अवस्था आएको देखिन्छ ।

प्रदेशमा देखिएको राजनीतिक अस्थिरताका कारण कतिपयले प्रदेश खारेजको मुद्दा उठाइरहेको पनि देखिन्छ । प्रदेश खारेज गरे के हुन्छ भन्नेतर्फ उनीहरूको ध्यान पुगेको देखिँदैन । उनीहरूले भनेझैँ प्रदेश खारेज गर्ने हो भने यसको असर सीधा संविधानमाथि पर्ने देखिन्छ ।

संविधानले गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता र संघीयतालाई आधारभूत विषय मानेको छ, जुन अंशोधनीय छन् । प्रदेश खारेज गरेमा संविधानका चार खुट्टामध्ये एक खुट्टा भाचिन्छ र संविधान घाइते हुन्छ । संविधान घाइते भयो भने शासन प्रणाली पनि घाइते हुन्छ । शासन प्रणाली घाइते हुनु भनेको हाल राज्यले अवलम्बन गरेको राजनीतिक व्यवस्था समाप्त हुनु हो । अतः नेपालमा प्रादेशिक संरचनाको खारेज राजनीतिक व्यवस्था बदलिए मात्र हुन्छ, अन्यथा सम्भव देखिँदैन ।

राजनीतिक व्यवस्था सामान्य अवस्थामा परिवर्तन हुँदैन । जनताले गरेका आन्दोलन, क्रान्ति र सङ्घर्षबाट मात्र यो सम्भव हुन्छ । अर्कोतिर वर्तमान संविधानले दुईतिहाइको बलमा व्यवस्था बदल्न सक्ने व्यवस्था गरेको छ । त्यसकारण व्यवस्था बदल्नका लागि जनतामा जानुपर्छ र दुईतिहाइ बहुमत ल्याउन जरुरी छ ।संघीय शासन प्रणालीका असली सरकार भनेका प्रदेश सरकार हुन् । स्थानीय सरकार र केन्द्रीय सरकार त एकात्मक राज्य प्रणालीमा पनि कुनै न कुनै स्वरूपमा अस्तित्वमा रहेका हुन्छन् ।

**'प्रदेशबिनाको संघीयता'**

हामीकहाँ कतिपयले सजिलै भनिदिन्छन्– प्रदेश खारेज गरेर संघ र स्थानीय तह गरी दुई तहको संघीयता भए पुग्छ ।

ऐतिहासिक तथ्य केलाउने हो भने यस्ता तर्कमा खासै दम देखिँदैन । संघीय शासन प्रणालीका असली सरकार भनेका प्रदेश सरकार हुन्; जसलाई राज्य, क्यान्टोन, ल्यान्डर आदि नामले पुकार्ने गरिन्छ । स्थानीय सरकार र केन्द्रीय सरकार त एकात्मक राज्य प्रणालीमा पनि कुनै न कुनै स्वरूपमा अस्तित्वमा रहेका हुन्छन् । स्थानीय निकायको अभ्यास नेपालमा लिच्छविकालबाटै सुरु भएको मानिन्छ । हामीले विकेन्द्रीकरणको अभ्यास पञ्चायतकालबाट गरेका थियौँ, तर पञ्चायतकालीन विकेन्द्रीकरण हात्तीले देखाउने दाँत मात्र थियो । त्यतिबेला केन्द्रमा रहेको स्रोत-साधन, अधिकार, जिम्मेवारी र उत्तरदायित्त्व स्थानीय स्तरमा हस्तान्तरण हुन सकेन । बहुदलीय व्यवस्थाको पुनर्स्थापनापश्चात् विषयगत निक्षेपणका अवधारणा आए, तर यो पनि सफल हुन सकेन । तसर्थ इतिहासमा भोगेका हन्डर र ठक्करबाट पाठ सिक्दै हामी संघीय शासन प्रणालीमा प्रवेश गरेको तथ्यलाई बिर्सनु हुँदैन ।

कतिपयले नेपालमा संघीयता जरुरी छैन, पूर्ण विकेन्द्रीकरण भए पुग्छ भनेका छन्, यस्तो तर्क व्यावहारिक र प्राज्ञिक हिसाबले गलत देखिन्छ । संघीयता भनेको संवैधानिक विकेन्द्रीकरण हो । जसमा सबै प्रकारका विकेन्द्रीकरण पर्ने गर्छन् । विकेन्द्रीकरणको उच्चतम अवस्था संघीयता हो ।

संघीयताको विरोध गर्नेले केही तर्क राखेको देखिन्छ, आउनुस्, ती तर्कलाई केलाएर हेरौँ

**'प्रदेश संरचना कसरी महँगो भयो'**

आम जनता मात्र होइन, कतिपय शीर्ष दलका शीर्ष नेताहरूले नै आर्थिक स्रोतले धान्न नसक्ने हुँदा प्रदेश संरचनालाई खारेज गर्नुपर्छ भनिरहेको पाइन्छ । तथ्यगत हिसाबले हेर्दा प्रदेश सरकारहरू खर्चिला देखिँदैनन् । कुल सार्वजनिक खर्चको १० प्रतिशत मात्र प्रदेश सरकारले खर्च गर्ने देखिएको छ । त्यस्तो खर्चमध्ये ६७ प्रतिशत संघीय सरकार र २७ प्रतिशत स्थानीय तहले गर्छन् । प्रदेश सरकारबाट विनियोजन हुने कुल बजेटको ६० प्रतिशत पुँजीगत खर्च र ४० प्रतिशत चालु खर्चको हिस्सा रहने गरेको देखिन्छ, तर संघ र स्थानीय तहमा ७० प्रतिशत खर्च चालु खर्चमै सकिन्छ ।

प्रदेश संरचनालाई मीतव्ययी र किफायती तरिकाले चलाउने सयौँ विधि र तरिका छन्, तर त्यसतर्फ बहस भएको छैन । बहस केवल तथ्यभन्दा बाहिर गएर भावनात्मक रूपमा बरालिएको देखिन्छ । संविधानको अनुसूचीमा रहेका संघीय एकाइका अधिकार क्षेत्रको अध्ययन गर्ने हो भने साबिक एकात्मक राज्य संरचनामा केन्द्र सरकारमा निहित रहेका दुईतिहाइ कामहरू प्रदेश र स्थानीय सरकारमा हस्तान्तरण भएका छन् । तदनुरूप संघीय संरचनालाई दुईतिहाइले कटौती गर्नुपर्थ्यो तर त्यसो गरिएन । २५ मन्त्रालय, ५४ विभाग र ५४ हजार कर्मचारी संघमा राख्न जरुरी थिएन । आज जेजति रूपमा संघीयता महँगो भयो भनिँदै छ, त्यो हुनुमा प्रदेश सरकारभन्दा संघीय सरकार जिम्मेवार देखिन्छ ।



**'सानो देशमा संघीयता जरुरी थिएन'**

कतिपयले नेपालजस्तो सानो देशमा संघीयता आवश्यक नभएको तर्क गर्छन् । हाल विश्वका १९३ वटा देश संयुक्त राष्ट्रसंघमा आबद्ध छन् । राष्ट्रसंघमा आबद्ध नभएका देश समेत जोड्दा विश्वमा २१२ वटा देश रहेको देखिन्छ । नेपाल विश्वका देशमध्ये क्षेत्रफलका हिसाबले ९१औँ र जनसंख्याका हिसाबले ४५औँ देशमा पर्ने तथ्याङ्कले देखाउँछ । त्यसैले नेपाल विश्वमा मध्यम आकार भएको देश मानिन्छ । हाल विश्वमा २८ वटा देशमा संघीय शासन प्रणाली अवलम्बन गरिएको छ । दश ठुला राज्यमध्ये ६ वटा देशमा संघीय शासन प्रणाली रहेको पाउन सकिन्छ । संवैधानिक रूपमा संघीय शासन प्रणाली नभने पनि व्यावहारिक रूपमा चीन, बेलायतजस्ता मुलुकले संघीयता अपनाएका छन् ।

संघीयताको आवश्यकता देशको आकारले निर्धारण गर्दैन । नेपालको कर्णाली प्रदेश बराबरको हिमाली अधिराज्य स्विट्जरल्यान्डलाई संघीय शासन प्रणाली अवलम्बन गरेको सफल देश मानिन्छ । उक्त देशमा २६ वटा क्यान्टोन रहेका छन् । बोस्निया हर्जेगोभिना पनि नेपालभन्दा जनसंख्या र क्षेत्रफल दुवै हिसाबले सानो देश हो तर त्यो संघीय शासन प्रणाली अवलम्बन गर्ने मुलुकमा पर्छन् । यस्तै, क्षेत्रफलका हिसाबमा विश्वको तेस्रो ठुलो र जनसंख्याका हिसाबमा पहिलो देश चीनले एकात्मक शासन प्रणाली अपनाएको देखिन्छ ।

**'दलका नेता तथा कार्यकर्ता व्यवस्थापन गर्ने संयन्त्र'**

हामीकहाँ अर्को जबर्जस्त भ्रम के छ भने संघीय शासन प्रणाली दलका नेता तथा कार्यकर्तालाई व्यवस्थापन गर्न ल्याइएको हो । यद्यपि यो कुरा तथ्ययुक्त देखिँदैन ।२०७२ सालको संविधानभन्दा अगाडिको शासन प्रणालीमा गाउँ विकास समितिको संख्या नौ हजारभन्दा बढी थियो र नगरपालिका मात्र ५८ थिए, तर राज्य पुनर्संरचनापश्चात् उक्त गाउँ विकास समिति र नगरपालिका ७५३ वटा स्थानीय तहमा रूपान्तरण भए । संघीय सरकारमा हिजो ६५ सदस्यीय मन्त्रीमण्डल बनेको थियो, तर अहिले २५ सदस्यभन्दा बढीको मन्त्री परिषद् गठन गर्न संविधानले रोकेको छ । त्यसकारण राजनीतिक कार्यकर्ता व्यवस्थापन गर्ने ठाउँ पहिलेको भन्दा अहिले घटेकै देखिन्छ ।

**'अस्थिरताको कारक प्रदेश सरकार'**

संघीयता कार्यान्वयनमा आएको सातवर्षे अवधिको समीक्षा गर्दा– सात प्रदेशमा गरी ३२ जना मुख्यमन्त्री भए भने मन्त्रीको संख्या गन्ती गरी साध्य छैन । यस्ता प्रकरणले निश्चित रूपमा प्रदेशमा राजनीतिक अस्थिरता भएको विषय सत्य हो, यद्यपि यहाँनेर प्रदेश सरकारका कारण राजनीतिक अस्थिरता भएको हो भन्ने तर्क एकतर्फी हुने देखिन्छ ।

बहुदलीय व्यवस्था स्थापनापश्चात् २०४६ सालदेखि २०६३ सालसम्म किन राजनीतिक स्थिरता हुन सकेन ? यस प्रश्नको जवाफ हामी किन खोज्ने जमर्को गर्दैनौँ ? खासमा नेपालमा राजनीतिक स्थिरता नहुनुमा हामीले अपनाएको संसदीय शासन प्रणाली हो भन्ने तथ्यलाई बिर्सनु हुँदैन । संसदीय शासन प्रणालीको जननी बेलायतमा सन् २०१९ मा भएको 'हाउस अफ कमन्स' निर्वाचनमा कन्जर्भेटिभ पाटीले बहुमत ल्याउँदा समेत चारवटा सरकार बनेको देखिन्छ । संसदीय व्यवस्थामा चुनाव, आन्दोलन र क्रान्तिविना संसदीय गणितका आधारमा शान्तिपूर्ण रूपमा सरकार परिवर्तन हुने गर्छ ।

कतियप राजनीतिक शास्त्रीले यसलाई संसदीय व्यवस्थाको सुन्दर पक्ष भनी चित्रण गर्छन् । नेपाल पछौटे राजनीतिक संस्कार भएको मुलुक हो, जहाँ राजनीतिक दलहरू सरकारमा जान र मन्त्री हुनका लागि पार्टी फुटाउने गर्छन् । चुनावपूर्व र चुनावपश्चात्का गठबन्धन पूर्ण अवधि नचली घात-प्रतिघातमा परिणत हुन्छन् । गठबन्धनको संस्कृति सबल बन्न सकेको छैन । गत हप्ता फ्रान्सको एक चर्चित पत्रिकाले नेपाल राजनीतिक अस्थिरतामा विश्वमा एक नम्बरमा रहेको भनी समाचार प्रकाशित गरेको थियो, तसर्थ हाम्रो देशमा राजनीतिक संस्कारको विकास नभएसम्मका लागि यस्ता खालका राजनीतिक अस्थिरता कायम रहिरहन्छन् । अब हामी नेपाली यसमा अभ्यस्त हुनु शिवाय अरु देखिँदैन । केवल प्रदेशिक संरचनाका कारण अस्थिरता आयो भन्नु गलत मानसिकताबाहेक अरु केही होइन ।

नेपालमा संघीय शासन प्रणालीको सात वर्ष नबित्दै यसको वस्तुनिष्ट समीक्षा गर्नतर्फ ध्यान दिनुको सट्टा प्रदेश सरकारमाथि निकै प्रहार भएको देखिन्छ । हिजो एकात्मक शासन प्रणालीमा सबै ठिक थियो, राज्य प्रणाली कम खर्चिलो थियो, देशमा सुशासन थियो, विकासको पथमा अग्रगामी छलाङ मारेको थियो तर यो मुलुक प्रदेश संरचनासहित संघीय शासन प्रणालीमा रूपान्तरण भएपश्चात् यो सबै बिग्रियो भन्नेझैँ गरिएको छ । तथ्य तथ्याङ्क र अनुसन्धानबाट प्राप्त नतिजाका आधारमा धारणा बनाउनुभन्दा आवेश र भावनामा धारणा बनाउने हाम्रो प्रवृत्तिले गर्दा प्रादेशिक संरचनाका बारेमा भ्रम सिर्जना भएका छन् । (लेखक भिमाद नगरपालिका तनहुँमा सातौं तहको अधिकृत छन् ।)रातोपाटी

# रासस मिडिया सङ्ग्रहालयः इतिहासको अभिलेखीकरण



सिद्धराज राइ

रासस स्थापना भएको ६३ वर्ष पुगेको छ । विसं २०१८ मा काठमाडौंको नयाँसडकको एउटा कोठाबाट सुरुआत भएको रासस अहिले सुविधायुक्त भवनबाट सञ्चालन भइरहेको छ । राससले आफ्नो अतीत जगेर्ना गर्ने सन्दर्भमा कार्यालयको एउटा कोठामा ६३ वर्षको इतिहासलाई सङ्ग्रहगरी रासस मिडिया सङ्ग्रहालय सञ्चालनमा ल्याएको छ । सङ्ग्रहालय निर्माण र सञ्चालनको कार्य आफैंमा एक चुनौतीपूर्ण र जटिल रहेको हाम्रो अनुभव छ । गुगल र सामाजिक सञ्जालमा केन्द्रित भई सूचना खोजी रहेको नयाँ पुस्ताका लागि त यो सङ्ग्रहालय महत्वपूर्ण हुने नै छ पुराना पुस्ताले पनि मिडिया विकासको अध्ययनका सन्दर्भमा एकैछिन भए पनि राससको मिडिया सङ्ग्रहालयमा आउनुपर्ने अवस्थाको सिर्जना भएको छ भन्ने लागेको छ । सम्भवतः यस्तो किसिमको सङ्ग्रहालय नेपालमै पहिलो हो भन्न सकिन्छ ।

मैले सुनेको एउटा कथाअनुसार बाबुले छोरालाई एउटा पुरानो मोडलको खिया लागेको घडी दिएर भनेछ, छोरा यो घडीलाई बजारमा बेचेर आउ । छोरा घडी लिएर बजार गयो । बजारमा घडीका सबै पसलमा गएर बुझ्यो । तर कसैले किन्न मानेन । निरास भएर घर फर्केको छोरालाई बुबाले सोध्यो, किन निरास ? छोराले भन्यो, घडी कसैले किनेनन् । अनि बुबाले फेरी छोरालाई भन्यो, एकपटक सङ्ग्रहालयमा देखाउन जाउ । जब सङ्ग्रहालयमा गएर छोराले घडी देखायो । त्यहाँ उसले त्यो घडी ऐतिहासिक र सङ्ग्रहयोग्य रहेको जवाफ पायो । अनि सङ्ग्रहालयमा घडीको राम्रो मूल्य पायो र घडी बेचेर खुसी हुँदै घर फर्कियो ।

सङ्ग्रहालयमा लाखौं मूल्यमा पुरानो घडी बेचेर फर्केको छोरालाई सम्झाउँदै बुबाले भन्यो-'हरेक वस्तु ठीक ठाउँमा पुऱ्याउनुपर्छ र सही मुल्य पाइन्छ ।' यो कथा जस्तै राससले पनि अहिले सङ्कलन गरेर प्रदर्शनीमा राखेका सामग्रीहरु गोदममा थुप्रिएर बसेका थिए । ती सामग्रीलाई ठीक ठाउँमा सङ्ग्रह गरी प्रदर्शनीमा राखिएको छ भन्ने हाम्रो ठम्याइ हो । सङ्ग्राहलय आफैंमा एउटा अनुसन्धान र अध्ययन केन्द्र हो । पुर्खाले अर्जेको संरचनामा हामीले अहिले नयाँ प्रविधिमा अभ्यास गरिरहेका छौं । यो सङ्ग्रहालय ती पुर्खाहरुप्रतिको सम्मान पनि हो भन्न सकिन्छ ।

राससको मूल कार्य समाचार सङ्कलन र सम्प्रेषण नै हो । राज्यको आधिकारिक सूचनालाई मिडियामार्फत जनतासम्म पुऱ्याउने र जनताको विचारलाई राज्यसम्म पुऱ्याउने पुलको रुपमा राससले भूमिका निर्वाह गरिरहेको छ । राससले आफ्नो सेवालाई समयनाकूल परिवर्तन गर्दै लगेको छ । राज्यले दिने सेवा र सरकारको कामको विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा सूचना सम्प्रेषण र प्रचारप्रचार गरी सरकारको मुख्य प्रचार साझेदारको रुपमा राससले पहिचान बनाएको छ । हिजो थोरै मिडियाको लागि अति आवश्यक रासस आज आएर सबै मिडियाको लागि अपरिहार्य बनेको छ, बन्दै छ । हिजो राससको सेवा प्रयोग नगरी आफ्नै क्षमतामा समाचार उत्पादन गर्ने मिडियाले समेत अहिले राससको सेवा लिएको कुरा सुनाउन पाउँदा हाम्रो यात्रा सही दिशामा केन्द्रित छ भन्ने लागेको छ ।

रासस नागरिकलाई सूचनाको हक सुनिश्चिता गराउन, सामाजिक रुपान्तरणको अभियानमा हातेमालो गर्न र आधिकारिक सूचना संप्रेषण गर्न अग्रमोर्चामा उभिएको छ । हामीले दिने सेवा समयनुकूल, आधिकारिक र सही छ भन्ने हाम्रो विश्वास हो । तर हामीले अहिले गरिरहेको कार्य मात्र पर्याप्त छैन भन्ने हाम्रो ठम्याइ हो । समाचार सम्प्रेषणका सन्दर्भमा हामीले धेरै गर्न बाँकी छ ।

आजको डिजिटल युगमा आफूलाई समयनुकूल परिवर्तन गरी सेवा प्रवाहको गुणस्तरमा सुधार गर्न, राससले हरसम्भाव प्रयास गरिरहेको छ । यसै सिलसिलामा राससले आफ्नो सेवालाई विविधीकरण गर्दै लगेको छ । नेपाली समाचारबाट सुरु भएको राससको सेवा अहिले अङ्ग्रेजी र अन्तर्राष्ट्रिय समाचार, फिचर/आलेख/विचार, फोटो, भिडियो, अडियो सेवा हुँदै २०८० माघदेखि अवधि भाषामार्फत मातृभाषाको समाचार सेवा पनि सुरुवात गरेका छौं । यी सेवालाई रासस निरन्तर प्रगतिपथमा अग्रसर रहेको सूचकको रुपमा हामीले लिएका छौं ।

यस आर्थिक वर्षदेखि राससले २४ सै घण्टा समाचार सेवा र मातृभाषामा थप दुई भाषाहरु मैथिली र नेपाल भाषामा समाचार सेवा सुरुआत गर्ने तयारी गरिरहेको जानकारी गराउन पाउँदा हामी गौरवबोध गरिरहेका छौं । राससले प्रारम्भ गर्ने २४ सै घण्टा समाचार सेवाले नेपाली सञ्चारमाध्यमहरु अब पहिलाजस्तो डेटलाइनमा सीमित नरहने विश्वास छ । मातृभाषाको समाचार सेवाले नेपाली मिडियालाई विविध भाषामा समाचार संप्रेषण गर्न सहयोग पुग्नेछ । खासगरी मातृभाषामा सञ्चालन हुने सञ्चारमाध्यमको विकास र स्थायित्वका लागि यो सेवा कोशे ढुंगा सावित हुने हाम्रो विश्वास छ ।

राससको समाचार सेवाको विविधीकरण गर्ने कार्यसँगै केही रचनात्मक कार्यसमेत गर्ने प्रयास गरिरहेको छ । राज्य र सरकारको कामलाई सहयोग र साथ दिन राससले गएको जेठ महिनामा 'समृद्धिका लागि पूर्वाधार' शीर्षकमा तस्बिर प्रदर्शनी गरेको थियो । यो तस्बिर प्रदर्शनीले नेपालमा विकास भएन, कुनै काम भएन भनेर, निर्माण भइरहेको भास्यलाई निरुत्साहित गर्न सहयोग पुगेको छ भन्ने लागेको छ ।

शुक्रबार राससले ६३ वर्षको अवधीमा प्रयोगमा ल्याएका वस्तुहरुको सङ्ग्रह गरेर रासस मिडिया सङ्ग्रहालय सञ्चालनमा ल्याएको छ । यो सङ्ग्रहालय राससले आफ्नो आन्तरिक स्रोत परिचालन गरेर स्थापना गरेको हो । राससको गोदाममा थुप्रिएका, बेकामे भनेर राखिएका, वर्तमानमा प्रयोगहीन ठहरिएका सामग्रीहरु सङ्कलन गरेर स्थापना गरिएको, यो सङ्ग्रहालय राससलाई जीवन्त राख्ने एक प्रयास हो भन्दा अत्युक्ति नहोला ।

अहिलेको रासस व्यवस्थापन टिमले राससको इतिहासलाई अभिलेखीकरण गर्ने प्रयास गरिरहेको छ । यसैको एउटा खुड्किलोको रुपमा रासस मिडिया सङ्ग्रहालय पनि हो । २०८० फागुन ७ गते ६३औं वार्षिकेत्सवको सन्दर्भमा राससमा नेतृत्व गरेका अध्यक्ष, महाप्रबन्धक र सेवा गरेका कर्मचारीहरुको अनुभव र अनुभूतिलाई सङ्ग्रह गरेर एउटा पुस्तक प्रकाशित गरेका थियौं । यस वर्ष रासस मिडिया सङ्ग्रहालय स्थापना गरेर इतिहासलाई थप व्यवस्थित बनाउने प्रयास गरेका छौं ।

अहिले राससको सङ्ग्रहालयमा ४६ प्रकारका सामग्री सङ्कलन गरी राख्न सकिएको छ । निश्चय पनि यी सामग्रीले राससको इतिहास र विकासक्रमलाई बुझ्न सहज हुनेछ । यो मिडिया सङ्ग्रहालय नेपालको मिडिया विकासक्रमको विषयमा अध्ययन, अनुसन्धान गर्ने अनुसन्धानकर्ताहरुका लागि उपयोगी हुनेछ भन्ने हाम्रो विश्वास छ । डिजिटल युगको पत्रकारिता गरिरहेको पुस्तामा पुराना पुस्ताले विगतमा निर्वाह गरेको भूमिका बुझ्ने र विश्लेषण गर्ने दृष्टिकोणमा थोरै भए पनि परिवर्तन आउन सकेको खण्डमा हाम्रो प्रयास सार्थक भएको हामी ठान्ने छौं ।(लेखक राससका महाप्रबन्धक हुनुहुन्छ)रासस

# ऊर्जा क्षेत्रको विकासका लागि सहकार्य गर्नुपर्नेमा ऊर्जामन्त्रीको जोड

काठमाण्डु । उज्यालो नेपालको सम्वाहकका रुपमा स्थापित नेपाल विद्युत् प्राधिकरणले आज आफ्नो स्थापनाको ३९औँ वार्षिकोत्सव मनाएको छ । शनिबार आयोजित वार्षिकोत्सव समारोहमा ऊर्जा क्षेत्रको थप विकासका लागि साझा सहकार्यको आवश्यकता औँल्याउँदै नीति तथा कार्यक्रमलाई व्यावहारिक बनाउनुपर्नेमा जोड दिनुभएको छ ।

वार्षिकोत्सव समारोहमा ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले मुलुकको ऊर्जा क्षेत्रमा देखिएका समस्या समाधान गर्न सरोकार भएका निकाय एकआपसमा मिलेर काम गर्ने विश्वास दिलाउनुभयो । उहाँले 'ट्रङ्क' र 'डेडिकेटेड'लाइनमार्फत उद्योगी तथा व्यवसायीले प्रयोग गरेको बिजुलीबापतको रकम तिर्नैपर्ने बताउनुभयो । विद्युत् खपत बढाउन आवश्यक पूर्वाधार जरुरी रहेको भन्दै मन्त्री खड्काले त्यसका लागि आवश्यक काम गर्न प्राधिकरणलाई निर्देशन दिनुभयो । उत्पादन, प्रसारण र वितरणका बीचमा आवश्यक तालमेल गरेर अगाडि बढेमा उल्लेख्य सफलता हासिल हुने उहाँले बताउनुभयो ।

प्राधिकरण सञ्चालक समितिका अध्यक्षसमेत ऊर्जामन्त्री खड्काले प्रसारण लाइनको अभावमा रसुवागढी जलविद्युत् आयोजनाको बिजुली राष्ट्रिय प्रसारण लाइनमा जोड्न समस्या भएको तथा मध्यभोटेकोशीको अवस्था पनि उस्तै रहेको बताउँदै तत्काल प्रसारण लाइन निर्माण सम्पन्न गर्नुपर्ने आवश्यता रहेकामा जोड दिनुभयो । ऊर्जा जलस्रोत तथा सिँचाइ राज्यमन्त्री पूर्णबहादुर तामाङले विद्युत् खपत वृद्धिका लागि देशव्यापी रुपमा विद्युतीय सवार ािसाधनको प्रयोग बढाउनुपर्ने बताउनुभयो । ऊर्जा क्षेत्रको विकासमा बाधकका रुपमा रहेको वन क्षेत्रको जग्गा प्रयोग, जग्गा प्राप्तिलगायत समस्या समाधान गर्न मन्त्रालयले आवश्यक पहल गर्ने उहाँले विश्वास दिलाउनुभयो ।

राष्ट्रिय योजना आयोगका सदस्य डा आरपी विच्छाले प्राधिकरणले देश र नागरिकको पक्षमा गरेको काम र जिम्मेवारीप्रति धन्यवाद दिनुभयो । उहाँले विद्युत् उत्पादन बढाउने लक्ष्यलाई प्राप्त गर्न योजनाबद्ध रुपमा कार्यसम्पदान र कार्यान्वयन गर्ने महत्वपूर्ण निकायका रुपमा रहेको प्राधिकरणको हितका पक्षमा आयोगले काम गर्ने बताउनुभयो । ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव गोपाल सिग्देलले विद्युत् प्रणालीको दिगो व्यवस्थापनका लागि सरकारले आवश्यक कार्ययोजनाका साथ काम गरिरहेको जानकारी दिनुभयो । उहाँले संसद्मा विचाराधीन विद्युत् विधेयक पारित भएपछि प्राधिकरणको कार्यक्षेत्र थप विस्तार हुने विश्वास व्यक्त गर्नुभयो ।विद्युत् नियमन आयोगका अध्यक्ष रामप्रसाद धितालले विद्युत् खपत गराउने योजनालाई स्पष्ट कार्ययोजनाका साथ कार्यान्वयन गर्नुपर्ने भएकाले आवश्यक सहजीकरणका लागि आयोग तयार रहेको बताउनुभयो । प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले विद्युत्को उत्पादन, प्रसारण र वितरण संरचना निर्माण गरी आमउपभोक्तालाई नियमित, भरपर्दो र सर्वसुलभ रूपमा विद्युत् सेवा प्रदान गर्न प्राधिकरण क्रियाशील रहेको बताउनुभयो । उहाँले प्राधिकरणले पछिल्ला सात वर्षदेखि गर्दै आएको कार्यप्रगतिलाई गत वर्ष पनि निरन्तरता दिँदै विद्युत्को उत्पादन क्षमतामा वृद्धि गरिएको, प्रसारण तथा वितरण प्रणालीको विस्तार गरी आन्तरिक खपतमा वृद्धि गरिएको उल्लेख गर्नुभयो ।



प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले प्राधिकरणले आफ्ना सहायक तथा सम्बद्ध कम्पनीमा थप रु ५६ अर्बभन्दा बढी लगानी गरेको स्पष्ट पार्नुभयो । उहाँका अनुसार प्राधिकरणको कूल सम्पत्ति गुणात्मक रूपले वृद्धि भई रु दुई खर्ब ११ अर्बबाट बढेर रु छ खर्ब ३२ अर्ब पुगेको छ ।

विद्युत् निर्यात वित्तीय अवस्थामा सुधार र विद्युत् चुहावट नियन्त्रणमा ऐतिहासिक उपलब्धि हासिल गर्न प्राधिकरण सफल भएको कार्यकारी निर्देशक घिसिङले बताउनुभयो । हरेक वर्ष वृद्धि हुँदै आएको नाफाबाट उक्त अवधिभित्र प्राधिकरणले विद्युत् उत्पादन, प्रसारण र वितरणका विभिन्न आयोजनामा रु एक खर्बभन्दा बढी लगानी गर्न सफल भएको उहाँले जानकारी दिनुभयो ।

प्राधिकरणका कार्यकारी निर्देशक घिसिङले प्राधिकरणले आफ्ना सहायक तथा सम्बद्ध कम्पनीमा थप रु ५६ अर्बभन्दा बढी लगानी गरेको स्पष्ट पार्नुभयो । उहाँका अनुसार प्राधिकरणको कूल सम्पत्ति गुणात्मक रूपले वृद्धि भई रु दुई खर्ब ११ अर्बबाट बढेर रु छ खर्ब ३२ अर्ब पुगेको छ ।

उपभोक्ता संख्या ५४ लाख ६० हजार पुगेको छ । सामुदायिक ग्रामीण विद्युतीकरणबाट विद्युत् सेवा उपभोग गरिरहेका चार लाख ७५ हजार ग्राहक राष्ट्रिय ग्रिडबाट विद्युत् सेवा उपभोग गर्ने ग्राहकको संख्या ५९ लाख ३५ हजार पुगेको छ । मुलुकभरका करिब ९९ प्रतिशत नागरिकमा विद्युत् सेवा पुगेको उहाँले जानकारी दिनुभयो ।प्राधिकरणको आधिकारिक ट्रेड युनियनका अध्यक्ष जनार्दन भट्टराईले प्राधिकरणले नाफा कमाउँदा पनि बाँकी बक्यौता बढी रहेकाले तत्काल असुल उपर गर्न माग गर्नुभयो । प्राधिकरणले सरकारलाई तिर्नुपर्ने ऋण रकममा स्थानीय तहले तिर्नुपर्ने बक्यौता रकम मिलान गरिदिए धेरै राहत हुने उहाँले उल्लेख गर्नुभयो ।

अध्यक्ष भट्टराईले डेडिकेटेड र ट्रक लाइन महसुलमा प्राधिकरणले उठाउनुपर्ने सबै रकम उठाउनुपर्ने माग गर्नुभयो । प्राधिकरणले गत आवमा रु १३ अर्ब नाफा गरेको र कूल सञ्चित नाफा रु ४७ अर्ब बराबर पुगेकाले कर्मचारीलाई 'बोनस' उपलब्ध गराउनुपर्नेमा उहाँले जोड दिनुभयो । स्वतन्त्र ऊर्जा उत्पादकको संस्था नेपाल (इपान) का अध्यक्ष गणेश कार्कीले उद्योगी तथा व्यवसायीले प्रयोग गरेको बिजुलीबापतको रकम तिर्नुपर्ने बताउनुभयो । उहाँले प्राधिकरण सबल भए मात्रै ऊर्जा उत्पादकहरु पनि सक्षम हुने उल्लेख गर्नुभयो । कार्यक्रममा उत्कृष्ट कार्यसम्पादन गर्ने प्राधिकरणका कार्यालय र आयोजनालाई सम्मान गरिएको थियो ।रासस

# कानुनको पूर्ण परिपालनामा प्रधानमन्त्री ओलीको जोड



काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले संविधान र कानुनको परिपालनाका लागि सामाजिक चेतना र नैतिक बन्धनको प्रवर्द्धन गर्नुपर्ने बताउनुभएको छ ।

कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयद्वारा सिंहदरबारमा शनिबार आयोजित मुलुकी संहिता दिवसको कार्यक्रममा प्रधानमन्त्री ओलीले अपराधमाथिको अनुसन्धान, अभियोजन र न्याय निरुपण गर्ने संस्थाहरुलाई स्वच्छ र जिम्मेवार तुल्याउनुपर्नेमा जोड दिनुभयो ।देशले न्याय क्षेत्रमा उल्लेख्य उपलब्धि हासिल गर्दै आएको बताउँदै उहाँले दक्षिण एसियामा कानुन र संविधान निर्माणमा हाम्रो देश अगाडि छ भन्नुभयो ।

प्रधानमन्त्रीले भन्नभयो, "हामी नेपाली समाजलाई एउटा न्यायसम्मत समाजका रुपमा विकास र सञ्चालन गर्न चाहन्छौँ । समाजको चेतना र संस्कृति अनुकूल संविधान र कानुन बनेका हुन्छन् । प्रधानमन्त्री ओलीलले भन्नुभयो, "न्याय स्थापनाका लागि न्यायसम्मत राज्य र कानुनसम्मत समाजको परिचालन आवश्यक छ । संविधान र कानुलाई समाजले आदर्श दस्तावेजका रुपमा लिनुपर्छ भन्ने नागरिक चेतना हुनुपर्छ, अन्यथा समाजमा डिसअर्डर हुन्छ । कानुन कार्यान्वयनका लागि सरकारका तर्फबाट गर्नुपर्ने कामका लागि हाम्रो पहल हुनेछ ।"

नेपालमा २०७५ भदौ १ गते विभिन्न संहिता, कानुन लागु भएको सन्दर्भमा मनाइएको दिवसमा प्रधानमन्त्री ओलीले लोकतन्त्रमा जनता सार्वभौमसत्तासम्पन्न हुने भएकाले सामूहिक रुपमा पहल भएमा संसद्ले संविधान संशोधन गर्न सक्ने स्पष्ट गर्नुभयो । "यसका लागि हामी सबै राष्ट्रिय भावका साथ प्रस्तुत भएमा संविधान र कानुनको पालना सहज हुनेछ ।", उहाँले भन्नुभयो, "पहिले पहिले अदृष्य बन्धनका रुपमा रहेका धर्म र नैतिकताका आधारमा पनि न्याय गर्न सकिन्थ्यो । अहिले सामाजिक बन्धनहरु कमजोर भएका छन् । समाजमा इमानबाट चल्ने अदृष्य बन्धन रहेन । जसले जे गरे पनि हुन्छ भन्ने भएको छ । त्यस कारण शिक्षा र सामाजिक बन्धनलाई प्रवर्द्धन गर्न आवश्यक छ ।"

प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, कानुन, न्याय तथा संसदीय मामिलामन्त्री अजयकुमार चौरसियालगायत उपस्थित कार्यक्रममा प्रधानमन्त्री ओलीले सर्वोच्च अदालतले मर्यादाक्रमअनुसार तलबको व्यवस्था गर्न दिएको आदेशले राज्यको दायित्व बढ्ने भएकाले निर्णय गर्न असुविधा भएको बताउनुभयो । रासस

# माओवादी घटकलाई एकताबद्ध बनाउँछौँ: अध्यक्ष दाहाल

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' पार्टी सरकारमा छँदा सुशासनका पक्षमा काम गरेको बताउनुभएको छ ।

पार्टी सम्वद्ध रुकुमपश्चिम-काठमाडौँ सम्पर्क समितिको दोस्रो जिल्ला सम्मेलनमा उहाँले आफू नेतृत्वको पूर्ववर्ती सरकारले सुशासन, सामाजिक न्याय र समृद्धिलाई केन्द्रमा राखेर काम गरेको उल्लेख गर्नुभयो ।

आफ्नो पार्टी समाजवादी क्रान्तिको तयारीमा रहेकाले पछिल्ला दिनमा पार्टीभित्रको बहसले झनै एकताबद्ध बनाएको उहाँले बताउनुभयो । अध्यक्ष दाहालले पार्टी स्थायी समिति बैठकमा उपमहासचिव जनार्दन शर्माले लिखित रुपमा राख्नुभएको मत फरक मत नभएकाले त्यसलाई केन्द्रीय समितिको दस्तावेजमा समावेश गरिने बताउनुभयो । उहाँले सम्पूर्ण माओवादी घटकलाई एकताबद्ध बनाउन लागिएको र पार्टीलाई झन् बलियो बनाउने दृढता व्यक्त गर्नुभयो ।

माओवादी केन्द्रका उपमहासचिव जनार्दन शर्माले आफूले पार्टी, आन्दोलन, नेतृत्व र जनताका पक्षमा काम गरेको बताउनुभयो । पार्टीमा बहस गर्न आफू सधै क्रियाशील रहिरहने तथा पार्टी बलियो बनाउनु निरन्तर खटिने उहाँको भनाइ थियो । उहाँले पार्टीभित्रको बहसले पार्टीलाई अझ बलियो बनाएको विचार राख्नुभयो ।



पार्टी बनाउने एजेण्डामा छलफल गर्दा आफूमाथि प्रश्न उठाइएकामा असन्तुष्टी व्यक्त गर्दै उहाँले स्थायी समितिको निर्णयअनुसार आफू निरन्तर पार्टी बढाउन लागिरहने उल्लेख गर्नुभयो । नेत्र विक्रम चन्दलाई पार्टी नछोड्न आफूले बारम्बार आग्रह गरेको सन्दर्भ उल्लेख गर्दै उहाँले भन्नुभयो, "अन्य वामपन्थी दलसँग एकताको कुरा चलिरहेको अवस्थामा विप्लवलाई माओवादीमा आउन रोक्यो भनेर अनर्गल प्रचार भयो ।"

सो अवसरमा अध्यक्ष दाहालले सम्पर्क समितिमा रहेर जनताको सेवामा क्रियाशील तथा समितिलाई सहयोग गर्ने विभिन्न व्यक्तित्वलाई सम्मान गर्नुभएको थियो । कर्णाली प्रदेश सरकारका पूर्वमुख्यमन्त्री राजकुमार शर्माले रुकुम सधैं क्रान्ति र नेतृत्वको पक्षमा उभिएदै आएको बताउनुभयो । उहाँले अझै जनताका सपना पूरा नभएको एवम् समाजवादी क्रान्तिका लागि पार्टी फेरि एकताबद्ध भएर अघि बढ्नुपर्नेमा जोड दिनुभयो ।

नेता शर्माले पार्टीलाई सुदृढ बनाउन गम्भीर समीक्षा गर्नुपर्ने, पार्टीभित्र बढ्दै गएको मतभेद कम गर्न आत्मसमीक्षा गर्नुपर्ने एवम् सिङ्गो मुलुक माओवादीको एजेण्डामा अघि बढिरहँदा पनि माओवादी कमजोर हुनुमा सबैले जिम्मेवारीलिनुपर्नेबताउनुभयो।उहाँले भन्नुभयो, "जनताका बीचमा गएर आत्मसमीक्षा गरौँ । गाउँ फर्कौ, आधार इलाका जाऔँ, समाजवादी क्रान्तिका लागि जनताका बीचमा जानैपर्छ ।"

बाढीपीडितको सहयोगमा कमी हुन नदिन आग्रह

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सोलुखुम्बुको खुम्बु पासाङल्हामु गाउँपालिका-५ थामे बाढीमा परेकाहरूको उद्धार र राहतमा कमी हुन नदिन सरकारसँग आग्रह गर्नुभएको छ ।

अध्यक्ष दाहालले शनिबार अपराह्न सामाजिक सञ्जालमार्फत सो क्षेत्रमा हिमताल फुटेर बाढीले ठूलो धनजनको क्षति भएको र तटीय क्षेत्रमा मानवीय जोखिम उत्पन्न गराएको बताउनुभएको छ ।

अध्यक्ष दाहालले भन्नुभएको छ, "नेपाल सरकारलाई उद्धार र राहतमा कमी हुन नदिन आग्रह गर्दै विश्व समुदायलाई जलवायु जोखिमबाट नेपाललाई सुरक्षित गर्न अन्तर्राष्ट्रिय सहयोगको दायरा गुणात्मक रूपले बढाउन पुनः अपिल गर्दछु ।"उहाँले जलवायु परिवर्तनको नकारात्मक असरले गर्दा पर्वतीय देशहरूको मानवीय जीवन बहुआयामिक जोखिममा पर्दै गएको जानकारी गराउँदै हिमाल पग्लिने क्रम जारी रहेकामा चिन्ता प्रकट गर्नुभएको छ । उहाँले नेपालजस्ता देशहरूले आफूले नगरेको गल्तीको सजाय भोगिरहेको पनि बताउनुभयो।

"हिमाल पग्लिने क्रम जारी छ, हिमताल फुटिरहेका छन् । बाढीपहिरोजस्ता प्राकृतिक प्रकोपले तटीय क्षेत्रमा जनधनको ठूलो क्षति भइरहेको छ", अध्यक्ष दाहालले भन्नुभयो, "मैले संयुक्त राष्ट्रसङ्घको महासभादेखि कोप-२८ सम्म जलवायु न्यायको कुरा गरेको थिएँ । नेपालजस्ता देशहरूले हामीले नगरेको गल्तीको सजाय भोगिरहेका छौँ ।"रासस

# उद्योगमन्त्रीद्वारा हेटौंडा सिमेन्ट उद्योग र मयुरधाप औद्योगिक क्षेत्रको अवलोकन

मकवानपुर । उद्योगमन्त्री दामोदर भण्डारीले सरकारको पूर्ण स्वामित्वमा रहेको हेटौंडा सिमेन्ट उद्योगलाई दीर्घकालीन रुपमा सञ्चालन गर्न सङ्घीय सरकारले गृहकार्य गरिरहेको बताउनुभएको छ ।

हेटौंडा सिमेन्ट उद्योगको आज निरीक्षण गर्दै मन्त्री भण्डारीले सिमेन्ट उद्योगको समस्याका बारेमा सङ्घीय सरकारलाई अवगत रहेको बताउनुभयो । उद्योगको वर्तमान अवस्थाबारे जानकारी लिँदै उहाँले सङ्घीय सरकारले चरणबद्ध रुपमा गृहकार्य गरिरहेको बताउनुभयो । हेसिउली उद्योग व्यवस्थापन समितिले पनि उद्योगमा अनावश्यक खर्च कटौती गरी उद्योगको प्रतिएकाइ लागत न्यूनीकरण गरी प्रतिष्पर्धात्मक बजारमा उपस्थित हुनुपर्ने मन्त्री भण्डारीले जोड दिनुभयो ।

समितिका अध्यक्ष नरेन्द्र भण्डारीले उद्योगका पुराना प्रविधिका मेशिनरी हटाएर नयाँ प्रविधिका मेशिन जडान गरी आफ्नो उत्पादनलाई उपभोक्तामा लैजानुपर्ने बताउनुभयो । अध्यक्ष भण्डारीले हेटौंडा सिमेन्ट उद्योगको उत्पादनको साख उपभोक्ता माझ कायमै रहेकाले उद्योगलाई कुनै पनि हालतमा निरन्तर सञ्चालनमा ल्याउन सरकारको सहयोगको अपेक्षा रहेको बताउनुभयो । उद्योगका महाप्रबन्धक बसन्तराज पाण्डेले हेटौंडा सिमेन्ट उद्योग चरम आर्थिक सङ्कटका कारण पटकपटक बन्द गर्नुपरिरहेको बताउँदै उत्पादनलाई थप वृद्धि गर्न पुराना प्रविधिका मेशिनबाट काम लिन नसकिने अवस्था रहेकाले नयाँ प्रविधिका मेशिन जडान गर्न सरकारले सहयोग गर्नुपर्ने मन्त्री भण्डार ीसमक्ष माग गर्नुभयो ।



मन्त्री भण्डारीले शनिबार हेटौंडा औद्योगिक क्षेत्रमा रहेको हेटौंडा कपडा उद्योगको पनि वर्तमान अवस्थाका बारेमा निरीक्षण गर्नुभएको छ । कपडा उद्योग सञ्चालनको 'मोडालिटि'बारे सरकारले गृहकार्य गरिरहेको जानकारी दिंदै मन्त्री उहाँले कपडा उद्योग सञ्चालनमा आउँदा एक हजार युवाले रोजगार पाउने बताउनुभयो ।

हेटौंडा उपमहानगरपालिका-१४ मयुरधापमा निर्माणाधीन औद्योगिक क्षेत्रको पनि मन्त्री भण्डारीले शनिबार नै अवलोकन गर्नुभएकोछ।पर्साराष्ट्रिय निकुञ्जकोमध्यवर्ती क्षेत्रमा रहेका कारण मयुरधाप औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण गर्न वन मन्त्रालयले अवरोध गरिरहेको छ । मन्त्री भण्डारीले वन मन्त्रालयसँग समन्वय गरी छिट्टै मयुरधाप औद्योगिक क्षेत्रको पूर्वाधार निर्माण कार्य अघि बढाउने जानकारी दिनुभयो । हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापक संगीता कुँवर, हेसिउली व्यवस्थापन समितिका अध्यक्ष भण्डारीले मयुरधाप औद्योगिक क्षेत्रको हालसम्मको प्रगतिका बारेमा जानकारी गराउनुभएको थियो।

शनिबार मन्त्री भण्डारीले मकवानपुर उद्योग वाणिज्य सङ्घमा उद्योगी तथा व्यवसायीसँग वर्तमान समसामयिक समस्याका बारेमा छलफल गर्नुभएको छ । उपमहानगरपालिकाले चालु आर्थिक वर्षदेखि नगरपालिकाका विभिन्न शिर्षकका करका दर एक सय ५३ प्रतिशतसम्म बढाएर उद्योगी व्यवसायीलाई दुःख दिएको सङ्घका अध्यक्ष कृष्णकुमार गुप्ता अग्रवालले मन्त्री भण्डारीसमक्ष गुनासो राख्नुभयो ।रासस

# पण्डितले समाज र राष्ट्रलाई दिएको योगदानको मूल्याङ्कन गर्नुपर्छ : पूर्वराष्ट्रपति भण्डारी

काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले कुनै पनि व्यक्तिले समाज र राष्ट्रका लागि दिएको योगदानलाई समय सन्दर्भअनुसार मूल्याङ्कन गर्नुपर्ने बताउनुभएको छ ।

गणेश पण्डित स्मृति केन्द्रले शनिबार आयोजना गरेको एक कार्यक्रममा वरिष्ठ वामचिन्तक गणेश पण्डितको स्मृति ग्रन्थ विमोचन समारोहमा उहाँले पण्डितको मूल्याङ्कन पनि समाज र राष्ट्रलाई दिएको योगदानका आधारमा गर्नुपर्ने धारणा राख्नुभयो । पूर्वराष्ट्रपति भण्डारीले अनेकौं अवसरलाई बेवास्ता गर्दै जिल्लाको शैक्षिक उन्नयनका लागि समर्पित पण्डितले पञ्चायती कालरात्रिको अवधिमा अनेक यातना र जेलनेल भोग्नुपर्दा समेत राजनीतिमा निरन्तर लाग्नुभएको बताउनुभयो । "अप्ठ्यारो परिस्थितिमा समेत निर्भयका साथ देश र जनताका पक्षमा निरन्तर क्रियाशील भइरहने उहाँको क्रान्तिकारी स्वभावबाट खुला लोकतान्त्रिक परिवेशमा राजनीतिमा आबद्ध भएका नेता तथा कार्यकर्ताले गहन शिक्षा लिनुपर्दछ," उहाँले भन्नुभयो ।

पूर्वराष्ट्रपति भण्डारीले विसं २०१७ देखि २०४६ सम्म पञ्चायती शासनको कहालिलाग्दो अवस्थामा आफ्नो प्राणलाई हत्केलामा राखी राजनीतिमा होमिएको स्मरण गर्नुभयो । जनस्तरबाट स्थापित नेता पण्डितको स्मृति ग्रन्थ प्रकाशन गरेर केन्द्रले राष्ट्र र जनताका लागि पण्डितले दिएको योगदानलाई जनसमक्ष ल्याउने र उहाँको स्मृतिलाई चिरस्थायी बनाउने काम गरेकामा प्रशंसा गर्नुभयो ।

विसं २००३ साउन ३० गते नुवाकोटको शिखरबैंसीमा जन्मनुभएका गणेश पण्डितको पछिल्ला समयमा धार्मिक, सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा लाग्नुभएको थियो । उहाँको २०७५ साल फागुन २९ गते निधन भएको थियो । विद्यार्थी आन्दोलनमा लागेबापत पण्डितलाई पञ्चायती सरकारले उपत्यका प्रवेश निषेध गरेपछि उहाँ आफ्नो गृह जिल्ला नुवाकोटमा शिक्षण पेसामा आबद्ध हुनुभयो । सुरूमा तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (चौथो महाधिवेशन)मा आबद्ध भई वामपन्थी राजनीतिमा होमिनुभएका पण्डित २०४६ सालको पञ्चायत विरोधी आन्दोलनमा संयुक्त राष्ट्रिय जनआन्दोलनतर्फबाट सक्रिय हुनुभएको पूर्वराष्ट्रपति भण्डारीले बताउनुभयो ।

उहाँ २०४७ सालमा तत्कालीन नेकपा (मार्क्सवादी) हुँदै नेकपा (एमाले)मा समाहित हुनुभएको थियो । पण्डित विसं २०४८ सालको प्रतिनिधिसभा निर्वाचनमा नुवाकोटबाट निर्वाचित हुनुभएको थियो । स्मृति ग्रन्थमा पण्डितले देश र जनताका पक्षमा गरेका कामको चर्चा गरिएको छ ।रासस

# शिक्षकका समस्या आपसी संवादबाट समाधान गर्नुपर्छ : प्रधानमन्त्री ओली

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले शिक्षकका समस्या आपसी संवादबाट समाधान गर्नुपर्ने बताउनुभएको छ । नेपाल राष्ट्रिय शिक्षक सङ्गठनको २३औँ राष्ट्रिय परिषद् बैठकमा उहाँले पढाउने दायित्वसँगै नेपालको राजनीतिक परिवर्तनमा पनि शिक्षकहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको बताउनुभयो ।

"शिक्षकहरूका समस्या भए आपसी संवादबाट समाधान गर्नुपर्छ," प्रधानमन्त्री ओलीले भन्नुभयो, "शिक्षक वा कुनै पनि जनतामाथि सरकारले दमनचक्र लाद्न हुँदैन ।"अघिल्लो सरकारले शिक्षकहरूलाई राजनीति गरेको आरोप लगाएर दबाबमा राखेको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले अब अवस्था फेरिएकाले ढुक्कका साथ शिक्षण र समाजको जागरणमा लाग्न आग्रह गर्नुभयो । उहाँले शिक्षासम्बन्धी र कर्मचारीसम्बन्धी ऐननियमलाई आपसी संवादबाट समायानुकूल सुधारका लागि सरकार तत्पर रहेको जनाउनुभयो ।

"राजनीति र शिक्षकको भूमिकालाई नबुझेकाहरूले शिक्षकमाथि एकतर्फी दमनचक्र लगाउन खोजेका थिए । शिक्षकलाई राजनीतिबाट अलग गराएँ भनेर घोषणा गरेका थिए । त्यो शिक्षकहरूलाई लपेट्ने प्रयास हो । ती प्रयास गलत थिए", प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष ओलीले भन्नुभयो, "वास्तवमा अरस्तु र प्लेटोका पालादेखि नै मानिस राजनीतिक प्राणी हो भन्ने स्पष्ट भइसकेको थियो । त्यसैले यो सरकार शिक्षकमाथि कुनै शत्रुता राख्नुपर्ने कारण देख्दैन । शिक्षकहरूले आफ्नो कर्म र दायित्वलाई इमान्दार रुपमा निर्वाह गरिदिए पुग्छ ।

कक्षाकोठाभन्दा बाहिर पनि शिक्षकहरू समाजको विकृति बढार्ने काममा साँझ-बिहान लाग्नुपर्छ । शिक्षक हुनु भनेको जागिरे हुनु होइन, एक प्रकारको जागरण हो ।"रासस

# युक्रेनले रुसको कुर्स्क क्षेत्रमा 'साहसिक' घुसपैठ गर्ने तयारी कसरी गऱ्यो

वीवीसी

काठमाण्डु । युक्रेनले रुसको दक्षिणमा अवस्थित कुर्स्क क्षेत्रमा आकस्मिक रूपमा गरेको आक्रमणलाई यो युद्धकै साहसिक कार्यमध्येको एक कामका रूपमा व्याख्या गरिएको छ। यो कसरी सुरु भयो र किएभ के प्राप्त गर्ने ध्याउन्नमा छ भन्ने कुराले पर्यवेक्षकहरूलाई आश्चर्यमा पारेको छ।"सीमा क्षेत्रको यो भूभागमाथि नजर राखिराखौँ," रुसको कुर्स्क क्षेत्र नजिकैको उत्तर पूर्वी युक्रेनी क्षेत्रलाई औँल्याउँदै त्यहाँको सेनाभित्रको एउटा स्रोतले ६ अगस्टअघि बीबीसीसँग भनेको थियो।




"केही रोचक कुराको अपेक्षा गर्न सक्नुहुन्छ।" त्यस्तो सङ्केत दिइएको २४ घण्टा नबित्दै युक्रेनी सैनिकहरूले कुर्स्क क्षेत्रका गाउँहरूबाट रुसी झण्डा हटाइरहेका तस्बिरहरू इन्टरनेटमा आउन थाले। रुसले पूर्ण स्तरको आक्रमण थालेदेखि उक्त क्षेत्र युक्रेनी नागरिकविरुद्ध रुसी आक्रमणको आधारक्षेत्रमध्येको स्थानका रूपमा रहँदै आएको थियो। कुर्स्क क्षेत्रमा युक्रेनको आक्रमण दोस्रो सातामा प्रवेश गरेको छ। उक्त कारबाहीमा हजारौँको सङ्ख्यामा युक्रेनी सेना खटाइएको ठानिएको छ। तर युक्रेनले आधिकारिक रूपमा त्यहाँ परिचालित सेनाको सङ्ख्या खुलाएको छैन।

रुसले कम्तीमा आफ्ना २८ वटा गाउँमा युक्रेनी सेनाले नियन्त्रण कायम गरेको बताइरहँदा किएभले भने निकै ठूलो आँकडा प्रस्तुत गर्दै लगभग ८० गाउँमाथि नियन्त्रण कायम गरेको दाबी गरेको छ। कुर्स्कमा अचानक गरिएको आक्रमणले युक्रेनले विगतका गल्तीबाट पाठ सिकेको देखाउँछ। निकै प्रचारप्रसार गरिएका उसका विगतका प्रत्याक्रमणका योजनाहरूले मूर्त रूप लिन सकेका थिएनन्।

सन् २०२३ को ग्रीष्म ऋतुको सुरुवातमा आफ्नो दक्षिणी क्षेत्र र एजोभ समुद्रमाथिको पहुँचमा पुनः नियन्त्रण हासिल गर्न युक्रेनले गरेको दीर्घप्रतीक्षित प्रत्याक्रमणलाई पर्यवेक्षकहरूले नजिकबाट हेरेका थिए। अनलाइन बहस र अड्कलबाजी तीव्र भएका थिए।तत्कालिन युक्रेनी सेनापति भलेरी जलुझ्नीले स्थितिलाई 'दर्शकको खेल'मा नबदल्न चेतावनी नै दिएका थिए।

"यो कुनै कार्यक्रम होइन," 'वाशिङ्टन पोस्ट' पत्रिकालाई सन् २०२३ को ग्रीष्ममा दिइएको अन्तरवार्तामा उनले भनेका थिए। "यो विश्वले हेरिराखेको कुनै खेला होइन जसमा बाजी थापियोस् वा त्यस्तै केही गरियोस्। हरेक मिटर माटोका निम्ति रगत बगेको छ।"त्यसको विपरीत रुसलाई तयारी गर्नबाट रोक्न र उसको सीमा सुरक्षासम्बन्धी कमजोरीलाई कायम राखिराख्न अहिलेको कारबाहीलाई युक्रेनले पूर्ण रूपमा गोप्य राख्यो।

यो आश्चर्यजनक युक्रेनी कदमका सुत्रधार को हुन् भन्ने खुलेको छैन। तिनीहरू सेना, गुप्तचर वा राष्ट्रपतीय प्रशासनका मानिस हुन सक्छन्।गत फेब्रुअरीमा भलेरी जलुझ्नीलाई सेनापतिबाट प्रतिस्थापित गरेका अलेक्सान्डर सिरस्की उक्त समूहको मुख्य 'मास्टर्माइन्ड' हुन सक्ने सम्भावना छ। जलुझ्नीलाई पदबाट हटाएकामा प्रारम्भमा सामाजिक सञ्जालमा राष्ट्रपति भोलोदोमिर जेलेन्स्कीको व्यापक आलोचना भएको थियो। जलुझ्नी रूढिवादी तथा कम लचिलो कमान्डरका रूपमा चर्चित थिए।

नयाँ पुस्ताको प्रतिनिधित्व गर्ने सैन्य गुप्तचरका प्रमुख ३८ वर्षीय किरेलो बुडानोभ लगभग निश्चित रूपमा प्रत्यक्ष संलग्न थिए। उनी र उनको समूह पहिले पार्श्वमा बसी रुसले कब्जा गरेका क्षेत्रबाट स-सानो स्तरमा गुप्तचरी गरी सूचना बटुल्थ्यो। विशेषज्ञ तथा स्रोतहरूले दिएका विवरणहरूका अनुसार यो कारबाहीको अर्कै नयाँ तत्त्व भनेको यसमा सामेल एकाइहरूबीचको समन्वय पहिलेको भन्दा निकै सहज थियो।

सन् २०२३ को ग्रीष्ममा युक्रेनी सेनाको विशिष्ठ एकाइमध्येको '४७औँ मेकनाइज्ड ब्रिगेड'ले रुसी सेनालाई पछि धकेल्दै अग्रपङ्क्तिको युद्धमोर्चामा प्रगति गर्न सफल भएको थियो। तर सँगैका अन्य एकाइहरू पछि हटिदिँदा उक्त प्रगति अर्थहीन हुन पुग्यो।युक्रेनले कुर्स्क क्षेत्रमा आफ्नो कुन एकाइ संलग्न छ भन्ने खुलाएको छैन। तर स्रोतहरूले बताएअनुसार त्यहाँ खटिएका सैनिकहरूमध्येका केही उत्तम तालिमप्राप्त छन्। रुसले निरन्तर पेलिरहेको चुनौतीपूर्ण स्थानका अग्रपङ्क्तिबाट हटाएर उनीहरूलाई कुर्स्क क्षेत्रमा खटाउने निर्णय लिन किएभलाई कठिन भएको हुनुपर्छ।

कुर्स्कमा आकस्मिक रूपमा गरिएको आक्रमणअघि युक्रेनले स्पष्ट योजनासहित संसाधनको राम्रो व्यवस्थापन गरेको देखिन्थ्यो। कतिपय स्थानमा युक्रेनी सेनाका एकाइहरू रुसी पक्षसँग सिधै भिड्नबाट जोगिन्थे। दोस्रो विश्वयुद्धयता रुसले आफ्नो भूमिमा विदेशीले दखल दिएको देखेको छैन। रुसी सञ्चारमाध्यमहरूमले किएभले "जर्मनहरूले जस्तो" व्यवहार देखाएको आरोप लगाएका छन्। रुसले युक्रेनको कारबाहीलाई "आक्रमण" वा "घुसपैठ" भनेको छैन, बरु "सीमामा समस्या उत्पन्न भएको" वा "आतङ्कवादी कार्य" भनेको छ।

राष्ट्रपति जेलेन्स्कीले उनको पछिल्लो भिडिओ सम्बोधनमा युक्रेन कुर्स्क क्षेत्रमा "आफ्नो रणनीतिक लक्ष्यमा पुग्दै गरेको" बताएका थिए। भलै उनले युक्रेनको लक्ष्य के हो भन्ने स्पष्ट पारेनन्। तर युक्रेन युद्धको भाष्यलाई बदल्न र अन्तर्राष्ट्रिय मान्यताप्राप्त आफ्नो भूभागमाथि पुनः नियन्त्रण हासिल गर्न सक्ने आफ्नो क्षमतामाथि विश्वास जगाउन सफल भएको स्पष्ट देखिन्छ। ब्रिटिस सेनाका पूर्वअधिकृत जस्टिन क्रम्प हाल रणनीतिक जोखिमसम्बन्धी परामर्शदाता संस्था चलाउँछन्। उनले बीबीसीसँगको कुराकानीमा युक्रेनको यो कारबाहीलाई 'साहसी जुवा'का रूपमा व्याख्या गर्छन्। उनका अनुसार यो कारबाही "एक वर्षको सैन्य विफलतापछि पनि देश अझै लडाइँमा छ भन्ने देखाउनुपर्ने आवश्यकताको उद्देश्यले प्रेरित" थियो।

"राष्ट्रपति जेलेन्स्कीले युद्धबारे चिन्तित आफ्ना जनतालाई भरोसा दिलाउन आवश्यक थियो र सँगसँगै पश्चिमका समर्थकहरूलाई युक्रेन अझै रुसलाई पीडा दिन सक्षम छ भन्ने देखाउनु पनि थियो।" यसैबीच रुसी राष्ट्रपति भ्लादिभिर पुटिनले युक्रेनले "आफ्ना शान्त जनता र गैरसैनिक संरचनालाई लक्षित गरेको" भन्दै कुनै पनि प्रकारका छलफललाई खारेज गरेका छन्।

रुसले कुर्स्कमा भएको घुसपैठको "कडा जबाफ" दिने सङ्कल्प गरेको छ। पूर्ण स्तरको रुसी आक्रमण अब तेस्रो वर्षमा प्रवेश गरेको छ।युक्रेनी जनताका निम्ति यो युद्ध दैनिकीको केन्द्रमा छ, अधिकांश परिवारले युद्धको अग्रपङ्क्तिमा आफ्ना कोही न कोही गुमाएका हुन सक्छन् वा विस्थापित भएका छन् वा अन्य प्रकारले प्रभावित भएका छन्।रुसीहरूले पनि युद्धलाई बेवास्ता गर्न मिल्ने स्थिति छैन। हालैका नवीन घटनाक्रममा केही सीमावर्ती क्षेत्रबाट दसौँ हजार रुसीहरूलाई अन्यत्र सारिएको समाचारहरू आइराखेका छन्।

युक्रेनभित्रका र बाहिरका कैयौँ मानिसलाई यो युद्ध कहिल्यै समाप्त नहुनेजस्तो लाग्छ। यो युद्धबारे सर्वाधिक जान्न खोजिएको सवाल हो : यो युद्ध कसले जितिरहेको छ? युक्रेनले युद्ध अन्त्य गर्नेतर्फको छलफलमा नयाँ ऊर्जा भर्न यो वर्षको अन्त्यसम्ममा एउटा शिखर सम्मेलनको आयोजना गर्न चाहेको बताएको छ। तर तत्कालका निम्ति रुसले त्यस्तो सम्मेलनमा भाग लिएको कल्पना गर्न कठिन देखिन्छ। तर कुर्स्कको कारबाहीले मोलमोलाइका निम्ति युक्रेनलाई नयाँ शक्ति प्रदान गरेको छ।

तर सुरक्षा मामिला विशेषज्ञ जस्टिन क्रम्प जनशक्तिको सीमितताका कारण युक्रेनलाई रुसको निकै भित्री भूभागसम्म छिर्न मुस्किल पर्ने सङ्केत गर्दै भन्छन्,"समय युक्रेनको पक्षमा छैन।"तथापि अहिलेका निम्ति किएभले आफू आक्रमणको तयारी गर्न तथा आश्चर्यमा पार्ने गरी कडा सैन्य कारबाही चलाउन सक्षम भएको प्रमाणित गरेको छ र युद्धलाई आफ्नो लाभको दिशालाई बदल्न सफल भएको छ।

# आज यु-२० पुरुष साफ च्याम्पियनसिप




काठमाडौँ, १ भदौ : दक्षिण एसियाली राष्ट्रहरुबीच हुने यु-२० पुरुष साफ च्यामिपयनसिप फुटबल प्रतियोगिता आइतबारदेखि सुरु हुँदैछ ।

सातदोबाटोस्थित अखिल नेपाल फुटबल सङ्घ (एन्फा) कम्प्लेक्सको खेल मैदानमा हुने उद्घाटन खेलमा नेपाल र श्रीलङ्काले प्रतिस्पर्धा गर्दैछन् । नेपाल र श्रीलङ्काबीचको खेल आइतबार दिउँसो ३ बजे हुनेछ ।नेपाली टोलिका यसपटक तयारीका लागि पर्याप्त समय पाएकाले जित हासिल गर्ने बताउनुभयो । उहाँले तयारी पनि सातदोबाटो खेल मैदान गरेको भन्दै खेल पनि यही मैदानमा हुने भएकाले प्रतियोगितामा राम्रो नतिजा ल्याउने विश्वास व्यक्त गर्नुभयो ।

"तयारीका लागि करिब ४५ दिन समय पाएका थियौँ। गत वर्ष यु-१९ खेलेका, 'ए' डिभिजनदेखि 'सी' डिभिजनसम्म खेलेका अनुभवी र केही नयाँ खेलाडी पनि आएका छन् । सन्तुलित समूह बनेको छ। हाम्रो लक्ष्य उपाधि जित्नु हो", प्रशिक्षक श्रेष्ठले भन्नुभयो ।कप्तान कुशल देउवाले यसपटक समूह सक्षम र बलियो रहेकाले आफूहरु मानसिक रुपमा पनि तयार रहेको बताउनुभयो । सन् २०१५ मा नेपालबाट सुरु भएको उक्त च्याम्पिनसिपको पहिलो संस्करण एन्फा कम्प्लेक्समा खेलाइएको थियो। उक्त प्रतियोगितामा नेपालले फाइनल खेलमा भारतलाई पेनाल्टी सुटआउटमा पराजित गर्दै उपाधि जितेको थियो।

नेपालले साफ यू-२० च्याम्पियनसिप आयोजना गर्न लागेको यो चौथो पटक हो । यसअघि नेपालले पहिलो संस्करणसहित सन् २०१९ मा तेस्रो र २०२३ मा पाँचौं संस्करण आयोजना गरेको थियो ।त्यसपछि सन् २०१७ मा भुटानमा भएको उक्त च्याम्पियनसिपमा पनि नेपाल च्याम्पियन बनेको थियो । त्यसपछि भारतले लगातार तीन पटक जित्दै उपाधिमा ह्याट्रिक गरिसकेको छ। अहिलेसम्म पाँच संस्करण आयोजना हुँदा नेपाल दुई पटक विजेता र दुई पटक सेमिफाइनल पुगेको छ । एक पटक समूह चरणबाटै बाहिरिएको इतिहास छ।

श्रीलङ्काका प्रशिक्षक देब्साग्याम राजमनीले उक्त प्रतियोगिताको लागि आफ्नो टोली तयारी अवस्थामा रहेकाले प्रतियोगिताको फाइनलमा पुग्ने लक्ष्य राखिएको बताउनुभयो । साविक विजेता भारतका प्रशिक्षक रञ्जन चौधरीले प्रतियोगिताको उपाधि जित्ने लक्ष्य रहेको बताउनुभयो ।बङ्गलादेशका प्रशिक्षक एकेएम मारुफुल हकले आफ्नो टोलीमा अनुभवी खेलाडीहरु भएकाले प्रतियोगिताको फाइनलमा पुग्ने लक्ष्य रहेको बताउनुभयो । बङ्लादेश गत संस्करणको उपविजेता बनेको थियो । भुटानका कप्तान पेमा जाङ्पोले यस पटक आफ्नो टोलीले नयाँ इतिहास रच्ने लक्ष्यका साथ मैदानमा उत्रने बताउनुभयो ।

नेपाली टोलीमा कप्तान कुशल देउवासँगै जियारथ शेख, कृशल मोक्तान, विशाल केसी, सिमान्त थापा, अश्विन घोरासैनी, विक्रम तामाङ, आयुष तिम्सिना, अविनाश स्याङ्तान, जनप्रकाश बम, लक्षु थापा र मदन पौडेल छन् । त्यसैगरी राम थापा, समिन घिमिरे, सरोज दर्लामी, निनसाङ लिम्बू, नीरज कार्की, हरिशराज भट्ट, धर्मेन्द्र कुँवर, अनिल बम्जन, समिर तामाङ, निराजन धामी, र रोहन खड्गी छन् ।रासस

# अफ्रिकामा जनवरीदेखी १८ हजार भन्दा बढीमा एमपक्स सङ्क्रमण पुष्टि

एएफपी

नैरोबी । एकै हप्तामा १ हजार २०० जनामा एमपक्स सङ्क्रमण प्रमाणित भएसँगै सन् २०२४ को जनवरीदेखी अफ्रिकामा कुल १८ हजार ७३७ जनामा भाइरसको सङ्क्रमण फेला परेको अफ्रिकी युनियन स्वास्थ्य एजेन्सीले शनिबार जनाएको छ ।



स्वास्थ्य विभागको तथ्याङ्कअनुसार भाइरसको तीनवटा भेरियन्ट छन् जसमध्ये एउटा अधिक घातक , अधिक सङ्क्रमक 'क्लेड -१ बी' हो ।

पछिल्लो समय बढिरहेको एमपक्स सङ्क्रमणलाई विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले बुधबार अन्तर्राष्ट्रिय स्वास्थ्य आपतकाल घोषणा गरेको थियो ।

**पछिल्लो समय बढिरहेको एमपक्स सङ्क्रमणलाई विश्व स्वास्थ्य सङ्गठन (डब्ल्यूएचओ) ले बुधबार अन्तर्राष्ट्रिय स्वास्थ्य आपतकाल घोषणा गरेको थियो ।**

हालसम्म १२ अफ्रिकी सदस्य राष्ट्रहरूबाट तीन हजार १०१ घटनाहरु पुष्टि हुनुका साथै सङ्क्रमण कारण ५ सय ४१ जनाको मृत्यु भएको रोग नियन्त्रण र रोकथामका लागि अफ्रिका केन्द्र (सीडीसी) ले विज्ञप्तिमार्फत जनाएको छ ।

सङ्क्रमणबाट सबैभन्दा बढी प्रभावित देश कङ्गोमा सन् २०२३ सेप्टेम्बरमा पहिलो पटक भाइरसको नयाँ 'क्लेड-१ बी' भेरियन्ट पत्ता लागेको थियो जहाँ १ हप्तामा एक हजार पाँच जनामा सङ्क्रमण पुष्टि भएकोमा २४ जनाको मृत्यु भएको थियो ।

लगभग दश करोड मानिस बसोबास गर्ने डीआरसीका सबै प्रान्तमा सङ्क्रमणका घटनाहरू दर्ता भएका छन् ।यसै गरी छिमेकी बुरुन्डीमा एमपक्सको १७३ केश रिपोर्ट गरिएको छ ।

अफ्रिका बाहिर स्विडेन र पाकिस्तानमा पनि यस हप्ता एमपक्स सङ्क्रमण फेला परेको छ ।

यसै सन्दर्भमा डब्ल्यूएचओको आपतकालीन समितिले सम्बन्धित निकायसँग खोप उत्पादन बढाउन आह्वान गरेको छ ।एमपक्स एउटा भाइरल रोग हो जुन जनावरबाट मानिसमा फैलिन सक्छ, भने शारीरिक सम्पर्कको माध्यमबाट मानिसमा फैलिन सक्छ । यसका लक्षणहरूमा ज्वरो, मांसपेशी दुख्ने र छालामा ठुला फोका जस्ता घाउहरू आउने हुन्छ ।

# डब्लुएचओद्वारा एमपक्स खोपको उत्पादन बढाउन आग्रह

एएफपी

जेनेभा । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले शुक्रबार एमपक्स भाइरसको थप खतरनाक भेरियन्टको फैलावटलाई नियन्त्रण गर्न खोपको उत्पादन बढाउन उत्पादकहरुलाई आग्रह गरेको छ । डब्लुएचओले प्रजातान्त्रिक गणतन्त्र कङ्गोबाट सुरु भएर अन्य देशमा फैलिएपछि एमपक्सलाई बुधबार दुई वर्षमा दोस्रोपटक विश्वव्यापी सार्वजनिक स्वास्थ्य आपत्काल घोषणा गरेको हो ।



"एमपक्सको प्रकोपलाई नियन्त्रण गर्न हामीलाई साच्चै नै खोपको उत्पादन बढाउन आवश्यक छ", डब्ल्यूएचओकी प्रवक्ता मार्गरेट ह्यारिसले पत्रकारहरूलाई भन्नुभयो। डब्लुएचओले एमपक्स खोपको भण्डार भएका देशलाई हाल प्रकोप फैलिएको देशलाई वितरण गर्न आग्रह गरिरहेको छ । हालैका वर्षहरूमा डेनमार्कको औषधी उत्पादक बवेरियन नर्डिकद्वारा उत्पादित एमभीए-बीएन र जापानको एलसी१६ गरी दुई प्रकारका एमपक्स विरुद्धको खोप प्रयोग भइरहेको छ ।

ह्यारिसले ५ लाख एमभीए-बीएन खोप हाल भण्डारमा रहेको र आवश्यकता अनुसार २४ लाख खोप तत्काल उत्पादन गर्न सकिने बताउनुभएको छ । सन् २०२५ का लागि खरिद अनुरोधमा थप १ करोड खोप उत्पादन गर्न सकिने उहाँले बताउनुभयो । "एलसी१६ खोपको भने व्यावसायीकरण गरिएको छैन । यो जापान सरकारको तर्फबाट उत्पादन गरिएको हो । यस खोपको पर्याप्त भण्डार छ", ह्यारिसले भन्नुभयो । डब्ल्यूएचओले एलसी१६ खोपको वितरणका लागि टोकियोसँग सहकार्य गरिरहेको बताएको छ ।

'द डक्टर्स विदाउट बोर्डर्स च्यारिटी'नामक संस्थाले खोपको भण्डार भएका तर भाइरसको कुनै प्रकोप नभएका देशहरूले अफ्रिकाका प्रभावित देशलाई सकेसम्म धेरै खोप वितरण गर्न आग्रह गरेको छ। यसले बवेरियन नर्डिकलाई एमपक्स सङ्क्रमण फैलिएको अधिकांश देशका लागि एमभीए-बीएन खोप पहुँच बाहिर रहेको भन्दै मूल्य घटाउन समेत आग्रह गरेको छ। विश्वको सबैभन्दा ठुलो मानवीय सञ्जाल 'इन्टरनेसनल फेडेरेसन अफ रेड क्रस एन्ड रेड क्रिसेन्ट सोसाइटी'( आइएफआरसी) ले एमपक्स सङ्क्रामक देशहरुले भाइरससँग जुध्न चुनौती सामना गरिरहेको बताएको छ ।

आइएफआरसीका वरिष्ठ जनस्वास्थ्य आपतकालीन अधिकारी ब्रोन्विन निकोलले अधिकांश खोप धनी देशसँग रहेको र अहिलेसम्म अफ्रिकामा पठाइएका खोपहरू प्रकोप नियन्त्रणका लागि पर्याप्त नभएको बताउनुभयो । "महाद्वीपभरी परीक्षण, उपचार र खोपको गम्भीर अभाव छ । यी अभावहरूले प्रकोप नियन्त्रणमा बाधा पुर्याइरहेका छन् ", उहाँले भन्नुभयो । डब्लुएचओले सन् २०२२ मा पनि ७० भन्दा बढी देशमा फैलिएपछि मङ्कीपक्स भनेर चिनिने एमपक्सलाई विश्वव्यापी आपत्काल घोषणा गरेको थियो ।

यस वर्ष १० अफ्रिकी राष्ट्रमा एमपक्स पत्ता लागेको रोग नियन्त्रण र रोकथामका लागि डब्लुएचओका अफ्रिकी केन्द्रहरूले गत हप्ता बताएका छन् ।"एमपक्सको सङ्क्रमण अफ्रिकाभित्र र त्योभन्दा बाहिर फैलन सक्ने सम्भावना रहेकाले यो चिन्ताजनक अवस्था हो", डब्लिएचओका प्रमुख टेड्रोस एड्हानोम गेब्रेयसस भन्नुभयो । प्रकोपलाई नियन्त्रण गर्न एक समन्वयकारी अन्तर्राष्ट्रिय प्रतिक्रिया आवश्यक रहेकोमा उहाँले जोड दिनुभएको छ ।

# सहकर्मी हत्याको विरोधमा भारतीय चिकित्सकहरु देशव्यापी हडतालमा

एएफपी

न्याँदिल्ली ।सहकर्मीको बलात्कार र हत्यापछि भारतीय चिकित्सकहरुले शनिबार राष्ट्रव्यापी विरोध र हडताल गरेका छन् ।



पूर्वी सहर कोलकाताको एक सरकारी अस्पतालमा अगस्ट ९ मा ३१ वर्षीया डाक्टरको रगतले लतपतिएको शव प्राप्त भएपछि देशव्यापी विरोध प्रदर्शन सुरु भएको हो ।स्वास्थ्यकर्मीहरुले हड्तालको नेतृत्व गरेका छन् भने दोषीलाई कारबाहीको माग गर्दै दशौं हजार सर्वसाधारण पनि हडतालमा सहभागी भएका छन् । प्रदर्शनकारीहरु "निको हुने हातबाट रगत बग्न हुँदैन", "इनफ इज इनफ" "बलात्कारीलाई फाँसी दे " आदि लेखिएको प्लेकार्डसहित विरोधमा उत्रिएका छन् ।

मृतक चिकित्सकको शव शिक्षण अस्पतालको सेमिनार हलमा फेला परेको थियो । शवपरीक्षण प्रतिवेदनबाट यौन उत्पीडनको पुष्टि भएको छ भने अदालतमा दर्ता भएको निवेदनमा पीडितका आमाबाबुले छोरीलाई सामूहिक बलात्कार गरेको आशङ्का व्यक्त गरेका छन् ।कोलकाताको प्रहरीले उक्त मुद्दालाई गलत तरिकाले लिएको आरोप लगाई उच्च अदालतले "जनताको विश्वास जगाउन" अनुसन्धानलाई भारतको शीर्ष केन्द्रीय अनुसन्धान ब्यूरोलाई हस्तान्तरण गरेको छ ।

धेरै राज्यका सरकारी अस्पतालहरूमा उनीहरूले विरोध स्वरूप सोमबार वैकल्पिक सेवाहरू 'अनिश्चित कालका लागि' बन्द गरेका छन् । सरकारी तथा निजी दुवै प्रणालीमा धेरै चिकित्सा सङ्गठनहरूले हडतालको समर्थन गरेका छन् । हड्तालमा संलग्न चिकित्सकहरुले स्वास्थ्य सेवाकर्मीलाई हिंसाबाट जोगाउन केन्द्रीय सुरक्षा ऐन लागु गर्न माग गरिरहेका छन् । हडतालले नियमित स्वास्थ्य सेवा प्रवाहमा समेत बाधा पुर्याएको छ ।

# भारतले तेस्रो 'भ्वाइस अफ ग्लोबल साउथ सम्मेलन' आयोजना गर्दै

एएनआई

नयाँ दिल्ली । भारतले शनिबार 'भ्वाइस अफ ग्लोबल साउथ सम्मेलन' (भिओजिएसएस) को तेस्रो संस्करण आयोजना गर्नेछ । यो सम्मेलन भारतको 'वसुधैव कुटुम्बकम' को दर्शनमा आधारित कार्यक्रम हो।

यो शिखर सम्मेलन प्रधानमन्त्री नरेन्द्र मोदीको ' एकसाथ, सबैको विकास, सबैका विश्वास र सबैका प्रयास' दृष्टिकोणको विस्तारित रुप रहेको विदेश मन्त्रालयले यस हप्ताको सुरुमा एक विज्ञप्तिमा जनाएको थियो ।

यस सम्मेलनले विश्वव्यापी मुद्दामा आफ्नो विचार र प्राथमिकता एकअर्कासँग साटासाट गर्न ग्लोबल साउथका सबै राष्ट्रलाई एकसाथ ल्याउने परिकल्पना गरेको छ ।

# आठ वर्षमा चितुवाको आक्रमणबाट १४ बालबालिकाको ज्यान गयो

डुम्रे । पछिल्लो समय जिल्लामा मानव वन्यजन्तुबीचको द्वन्द्व बढ्दै गएको छ। वन्यजन्तुबाट मानिसका बालबालिकालाई जोगाउन समस्या हुँदै गएको हो। विगत आठ वर्षयता जिल्लामा १४ बालबालिकाले चितुवाको आक्रमणबाट ज्यान गुमाएका डिभिजन वन कार्यालयले जनाएको छ।

गत असार १२ गते आफ्नै बारीमा घाँस काट्दै गोका म्याग्दे गाउँपालिका-२ का मानबहादुर गर्जा मगरलाई चितुवाले आक्रमण गरी ज्यान लिएको वन कार्यालयका सहायक डिभिजन वन अधिकृत नवीन विश्वकर्माले जानकारी दिनुभयो । पछिल्लो आठ वर्षको तथ्याङ्कअनुसार जिल्लामा चितुवाको मानवमाथिको आक्रमण वृद्धि हुँदै छ ।विसं २०७९ भदौमा व्यास नगरपालिका-११ राति डिल्लीमाया गुरुङ र शङ्कर गुरुङलाई घरको डिढीमा चितुवाले आक्रमण गरी घाइते बनाएकामा छोरा शङ्करको ज्यान गयो।

सोही वर्षको कात्तिक ४ गते बन्दीपुर गाउँपालिका-३ का चन्द्रबहादुर घर्तीको छोरी डिना चेपाङलाई घरको आँगनमा खेलिरहेको बेला आत्रलमण गरी ज्यान गएको विश्वकर्माले जानकारी दिनुभयो।

सोही वर्षको कात्तिक १५ गते व्यास-१२ छिर्कनका चित्रबहादुर कुँवर थापाको नाति सात वर्षीय अभिनव कुँवर, जेठ २९ गते बन्दीपुर-१ का भिमलाल गरौजा पिढीँमा सुतिरहेको अवस्थामा चितुवाको आक्रमणबाट घाइते हुनुभएको थियो। घाइते गरौजाको उपचारको क्रममा मृत्यु भएको सहायक डिभिजन वन अधिकृत विश्वकर्माले बताउनुभयो । साथै २०७८ असोजमा बन्दीपुर-५ बाहुनभञ्ज्याङका आठ वर्षीया बालिका सुप्रिती थापाको चितुवाको आक्रमणबाट ज्यान गएको थियो।



डिभिजन वन कार्यालयको तथ्याङ्कअनुसार विसं २०७७ साउनमा शुक्लागण्डकी नगरपालिका-२ का नारन राना, २०७६ माघमा बन्दीपुर-४ का ११ वर्षीय ईसाक परियार, सोही वर्षको पुसमा आँबुखैरेनी गाउँपालिका-१ का आठ वर्षीय पुजन सिञ्जाली र शुक्लागण्डकी-३ का एक वर्ष नौ महिनाका बालक रविन नेपालीको चितुवाको आक्रमणबाट ज्यान गएको थियो।

सहायक डिभिजन वन अधिकृत विश्वकर्माका अनुसार २०७६ कात्तिकमा भानु नगरपालिका-२ का ऋतिक रोका, असोजमा भानु-१ का कुशल बानियाँ, जेठमा भानु-२ का आठ वर्षीया बालिका पुष्पा अधिकारी, २०७५ मङ्सिरमा भानु-२ का १० वर्षीय अमृत गुरुङ, कात्तिकमा भानु-४ का चार वर्षीया रञ्जिता लम्साल र २०७४ फागुनमा भानु-२ दोरदोरका छ वर्षीय विशाल श्रेष्ठको चितुवाले ज्यान लिएको थियो।

> विश्वकर्माले जिल्लामा वन्यजन्तुको आक्रमणबाट मानवीय क्षति बढ्न थालेको बताउनुभयो । उहाँले भन्नुभयो, "करिब आठ वर्षयत चितुवाको आक्रमणबाट मात्रै १४ बालबालिकाले ज्यान गुमाएको डिभिजन वनको तथ्याङ्कमा उल्लेख छ ।

विसं २०७९ असारमा बन्दीपुर-१ प्युघरका प्रेमबहादुर बगाले मगरको पाँच वर्षीय छोरा सुप्रिम थापा चितुवाको आक्रमणबाट घाइते भएका थिए । विश्वकर्माले जिल्लामा वन्यजन्तुको आक्रमणबाट मानवीय क्षति बढ्न थालेको बताउनुभयो । उहाँले भन्नुभयो, "करिब आठ वर्षयत चितुवाको आक्रमणबाट मात्रै १४ बालबालिकाले ज्यान गुमाएको डिभिजन वनको तथ्याङ्कमा उल्लेख छ । भालु, बाँदरको आक्रमण पनि बढ्दै गएको छ।" सहायक डिभिजन वन अधिकृत विश्वकर्माका अनुसार २०८० जेठ ४ मा व्यास-८ का गोरे विकले भालुलाई धपाउने क्रममा आक्रमणमा परी घाइते हुनुभएको थियो। भालु, बाँदर र चितुवाको आक्रमणबाट १७ जना घाइते भएका घाइते भएका डिभिजन वन कार्यालयले जनाएको छ । "कानुनी रुपमा मानवसँगै हरेक प्राणीको बाँच्न पाउने अधिकार हुन्छ । वन्यजन्तुको बासस्थान र आहाराको अभावले मानवमाथिको आक्रमण बढ्दै गएको हो", उहाँले भन्नुभयो।

वन्यजन्तुका लागि वनजङ्गलमा पर्याप्त आहार नहुनु र बासस्थानको नजिक मानव बस्ती बस्दै जानुले मानव वन्यजन्तुको द्वन्द्व बढ्दै गएको सहायक डिभिजन वन अधिकृत विश्वकर्माको बुझाइ छ। यसको न्यूनीकरणका लागि डिभिजन वन कार्यालयको सहयोगमा सामुदायिक वन, कवुलियती वन, राष्ट्रिय वनका सरोकार भएकासँग वन्यजन्तुलाई आवश्यक आहार संरक्षण तथा वृक्षारोपण गर्न प्रोत्साहन गरिरहेको उहाँले बताउनुभयो ।चितुवा, भालु र बाँदरको आक्रमण बढेकाले बालबालिकालाई एक्लै नछाड्न र घर वरपर सरसफाइमा विशेष ध्यान दिन आग्रह गरिएको कार्यालयले जनाएको छ।

"विगतमा चितुवाको आक्रमण अत्यधिक भएको समयमा क्यामरा ट्र्यापिङमार्फत अवलोकन गरिएको थियो। उक्त समयमा भानुका जङ्गलमा चितुवा बाहेक अन्य वन्यजन्तु देखिएका थिएनन् । आहार, बासस्थान र पानीको खोजीमा मानव बस्ती पसेपछि मानवमाथि आक्रमण गर्न थालेका हुन्", सहायक डिभिजन वन अधिकृत विश्वकर्माले भन्नुभयो । विगतको तुलनामा अहिले मानव वन्यजन्तुको द्वन्द्वमा कमी आएको उहाँले जानकारी दिनुभयो।

वनजङ्गल नजिक बस्ती उचित नहुने भन्दै अव्यवस्थित मानव बस्ती बढ्नाले वन्यजन्तुको आक्रमण पनि बढ्दै गएको सहायक डिभिजन वन अधिकृत विश्वकर्माले बताउनुभयो । यसको न्यूनीकरणका लागि मानव सचेत हुनुपर्नेमा उहाँले जोड दिनुभयो। "वन्यजन्तुको आहार, पानी, बासस्थानको व्यवस्था र संरक्षणका विषयमा मानव सचेत भई वन्यजन्तुको आहारलाई मानवले उपयोग नगर्ने हो भने समस्या समाधान हुँदै जानेछ", उहाँले भन्नुभयो ।रासस

## अलैँची र सुन्तला उत्पादन बढाउनसुपर जोन कार्यक्रम

किमाथाङ्का। कृषिमा आधुनिक प्रविधि भित्राएर आत्मनिर्भरता बनाउने उद्देश्यले छ वर्षयता कृषि परियोजना सञ्चालनमा ल्याइएको छ। संखुवासभा र भोजपुर दुई जिल्ला समेटेर अलैँची र सुन्तलालाई सुपर जोन क्षेत्र बनाइ कार्यान्वयन गरिएको हो।

उक्त परियोजनाअन्तर्गत संखुवासभाका १० र भोजपुरका छ स्थानीय तहमा कार्यक्रम लागु गरिएको प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना कार्यान्वयन एकाइ संखुवासभाका

परियोजना कार्यान्वयन एकाइ स त्ुवासभाले चालु आवमा सिँचाइ पूर्वाधार, सुधारिएको आधुनिक भट्टी निर्माण र जडान कार्यक्रमलाई मुख्य प्राथमिकतामा राखेको एकाइ प्रमुख गुरुङले बताउनुभयो। सिँचाइ पूर्वाधार निर्माण गर्न रु ७० लाख, सुधारिएको आधुनिक भट्टी निर्माण र जडानमा रु ४६ लाख, अलैँची बाली प्राथमिक प्रशोधन उद्योग स्थापना गर्न रु २५ लाख, सुन्तलाको भण्डारण गर्न मिनि चिस्यान केन्दै स्थापना कार्यक्रमका लागि रु २१ लाख र सुन्तला बालीको क्षेत्र विस्तारमा



प्रमुख नवराज गुरुङले जानकारी दिनुभयो। अलैँची सुपर जोनतर्फ २३ सय १३ हेक्टरमा र सुन्तला सुपर जोनतर्फ छ सय ८७ हेक्टरमा कार्यक्रम लागु गरिएको उहाँले बताउनुभयो।

सुपर जोन क्षेत्रमा अलैँची र सुन्तला उत्पादन बढाउन यो वर्ष सिँचाइ पूर्वाधार र सुधारिएको आधुनिक अलैँची भट्टी निर्माण कार्यक्रम राखिएको परियोजना एकाइ प्रमुख गुरुङले उल्लेख गर्नुभयो। परियोजनाका लागि चालु आर्थिक वर्षमा पुँजीगततर्फ रु २० लाख र चालुतर्फ रु चार करोड ४७ हजार बजेट विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो।

रु २१ लाख विनियोजन गरिएको उहाँले जानकारी दिनुभयो। चालु आवमा अन्य २४ कार्यक्रमसमेत पारित भएका छन्।

अलैँची सुपन जोन कार्यक्रम संखुवासभाका १० स्थानीय तहअन्तर्गत ३२ वडा र भोजपुरका छ स्थानीय तहअन्तर्गत ३० वडामा सञ्चालन गरिएको मा छ। प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन एकाइले अलैँची, सुन्तला, धान, मकै, गँहु, आलु, सागसब्जी र माछालगायत कृषि क्षेत्रमा किसानलाई सहयोग पुर्‍याउँदै आएको छ ।रासस

## पहिरोले धानबालीसहितको खेत बगाएपछि कृषक चिन्तित

खोटाङ। पहिरोले धानबालीसहित खेत बगाएपछि दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका-४ खाल्लेका कृषक चिन्तित भएका छन्। गत साउन १६ र १७ गतेको वर्षापछि पहिरोले खाल्लेमा धानबालीसहित खेत बगाएको थियो।

पहिरोले स्थानीय कोपिला बस्नेत र डम्बर केसीको धानसहितको १५/१५ रोपनी खेत पुरेको छ। बर्सेनी १८ मुरी धान फल्ने खेत बगाएपछि गरिखाने खेत बाँकी नरहेको पीडित बस्नेतले बताउनुभयो। उहाँको खेतको सिरानदेखि पहिरो गएको छ।

"पहिरोले तीन भागमध्ये दुई भाग खेत बगाइसकेको छ। खेत बग्ने क्रम जारी छ", उहाँले भन्नुभयो, "६ जनाको परिवार यही धानबालीले टार्दै आएकी थिएँ। पहिरोले खेत नै बगाएपछि कसरी परिवार चलाउने भन्ने पीर लागेको छ।" पहिरोले बस्नेतको भन्दा माथिल्लो भेगमा रहेको भक्तबहादुर बस्नेतको पनि केही गरा बगाएको छ। पहिराका कारण उहाँको घर समेत जोखिममा परेको खाल्लेका वडाध्यक्ष खगेन्द्र राईले जानकारी दिनुभयो। खेतीयोग्य भूमि रहेको त्यस क्षेत्रको जमिन चर्किएको छ।



आर्थिक वर्ष २०८०/८१ मा बाढी तथा पहिरोका कारण जिल्लामा तीन जनाले ज्यान गुमाएका छन्। दश स्थानीय तह रहेको जिल्लामा बाढीले बगाएर एक तथा पहिरोमा पुरिएर दुई जनाको मृत्यु भएको प्रहरी नायब उपरीक्षक पुरुषोत्तम खड्काले जानकारी दिनुभयो।

पहिरोले पुरिएर गत साउन ३१ गते रावाबेँसी गाउँपालिका-३ लामीडाँडाकी ५७ वर्षीया सावित्रादेवी नेवार तथा जेठ २८ गते साकेला गाउँपालिका-२ रतन्छाका ५६ वर्षीय मधुराज राईको मृत्यु भएको थियो।

## विपन्न महिलालाई उन्नत जातका बाख्रा वितरण

गोदावरी। जिल्लामा महिला कृषि सहकारी समूहमा आबद्ध छ सय ७७ महिलालाई उन्नत जातका बाख्रा वितरण गरिएको छ।



कृषि सहकारी संस्थामा आबद्ध महिलालाई शतप्रतिशत अनुदानमा उन्नत जातका बाख्रा वितरण गरिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले जनाएको छ। जिल्लामा सञ्चालित २५ कृषि सहकारी संस्थामा आबद्ध छ सय ७७ विपन्न महिलालाई एक/एकका दरले बाख्रा वितरण गरिएको हो।

विपन्न लक्षित वर्ग कार्यक्रमअन्तर्गत दलित, एकल महिला, मुक्तकम्लरी, मुक्तकमैया, हलियाको जीविकोपार्जनमा सुधार गर्न आर्थिक वर्ष २०८०/८१ मा छ सय ४८ उन्नत जातका बाख्रा वितरण गरिएको विज्ञ केन्द्रका सूचना अधिकारी कविराज कठायतले बताउनुभयो।

कृषि सहकारीमा आबद्ध विपन्न महिलालाई छनोट गरी शतप्रतिशत अनुदानमा उन्नत जातका बाख्रा वितरण गरिएको उहाँले जानकारी दिनुभयो। उन्नत जातका बाख्रा वितरणले विपन्न वर्गको जीविकोपार्जनमा सुधार आउनुका साथै व्यावसायिक उत्पादनमा सहयोग पुग्ने सूचना अधिकारी कठायतले बताउनुभयो।

विपन्न महिलालाई व्यावसायिक बाख्रापालनतर्फ आकर्षित गर्न बाख्रासँगै औषधि, तालिम तथा प्राविधिक सहयोग उपलब्ध गराइएको उहाँले जानकारी दिनुभयो । पछिल्लो समय जिल्लामा व्यावसायिक रुपमा फर्म दर्ता गरी बाख्रापालनतर्फ किसानको आकर्षण बढ्दै जान थालेको जनाइएको छ । सरकारले पछिल्ला केही वर्षयता व्यावसायिक रुपमा बाख्रापालन गर्ने किसानलाई अनुदान दिने कार्यक्रम ल्याएपछि जिल्लामा किसानको आकर्षण बढ्दै जाँदा बर्सेनि मासु उत्पादनमा समेत वृद्धि हुँदै आएको केन्द्रका सूचना अधिकारी कठायतले जानकारी दिनुभयो।

आव २०८०/८१ मा रु ४० लाख बजेट विनियोजन गरिएको जनाउँदै केन्द्रले जिल्ला दररेट अनुसार प्रति किलो खरी जातका बाख्रा तीन सय ८५, बयर जातको प्रति किलो पाँच सय ५१ र बयर जातका बोका प्रति किलो आठ सय ८२ का दरले खरिद गरी वितरण गरिएको जनाएको छ ।भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र धनगढीको तथ्याङ्कअनुसार कैलालीमा आव २०७७/७८ दुई सय पाँच, २०७८/७९ मा सात सय ५५ र २०७९/८० मा एक हजार तीन सय दुई बाख्राका फर्म दर्ता भई व्यावसायिक रुपमा बाख्रापालन गरिँदै आएको छ ।रासस

## शिलान्यासमै सीमित छ नौवस्ता औद्योगिक क्षेत्र

राँझा । बाँकेको वैजनाथ गाउँपालिकास्थित नौबस्ता औद्योगिक क्षेत्र निर्माणका लागि हरेक वर्ष बजेट विनियोजन भए पनि काम सुरु हुन सकेको छैन।

तत्कालीन उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री लेखराज भट्टले २०७७ फागुन ११ गते नौबस्ता औद्योगिक क्षेत्रको शिलान्यास गर्नुभएको थियो। शिलान्यास भएको साढे तीन वर्ष बिते पनि पूर्वाधार निर्माणको काम अझै सुरु हुन नसकेको परियोजना प्रमुख इञ्जिनियर प्रकाश केसीले जानकारी दिनुभयो । "नौबस्ता औद्योगिक क्षेत्रका लागि आर्थिक वर्ष २०७४/७५ देखि नै बजेट विनियोजन हुँदै आए पनि केही नीतिगत समस्याका कारण अहिलेसम्म ठेक्का हुन सकेको छैन", उहाँले भन्नुभयो, "आशा गरौँ अब चाँडै काम सुरु हुनेछ।"

औद्योगिक क्षेत्र निर्माणस्थलमा तीन सय जति स्थानीयले घरटहरा बनाएको हुँदा उनीहरूको अवरोधकै कारण निर्माण कार्य सुरु गर्न नसकिएको प्रमुख केसीले बताउनुभयो।

सो परियोजनाको काम अगाडि बढाउन सरकारले बर्सेनि करोडौँ बजेट विनियोजन गर्ने गरेको छ। चालू आर्थिक वर्षमा पनि रु ५० करोड बढी बजेट विनियोजन भएको उहाँले बताउनुभयो।

औद्योगिक क्षेत्र निर्माण गर्न वैजनाथ गाउँपालिका-३ मा छुट्याइएको तीन सय ३८ बिघा क्षेत्रफलमा तीन सय हाराहारीमा घर निर्माण गरेर बस्ती बनाइएको छ । स्थानीयले सो बस्ती हटाउन नमान्दा औद्योगिक क्षेत्रको काम अगाडि बढ्न सकेको छैन।

विसं २०७२ चैत १ गते औद्योगिक क्षेत्र निर्माण गर्ने सरकारले निर्णय गरेकामा नौ वर्ष बिते पनि हालसम्म परियोजनाको 'डिपीआर' र 'इआइए'बाहेक अरू कुनै काम हुन नसकेको प्रमुख केसीले बताउनुभयो । औद्योगिक क्षेत्रको जग्गामा रहेको बस्ती व्यवस्थापनका लागि पटकपटकको प्रयास सफल हुन सकेको छैन ।रासस


**बर्दिवास जनसेवा हस्पिटल प्रा.लि.**

**बर्दिवास न.पा.– ३, गौरीडाँडा, महोत्तरी**

**कर्मचरी आवश्यकता**

यस बर्दिवास जनसेवा हस्पिटल प्रा.लि.मा तपशिल बमोजिमका कर्मचारीहरु आवश्यकता हरेको हुदाँ दक्ष अनुभबी नेपाली नागरिकहरुवाट सूचना प्रकाशित मितिले ७ दिन भित्र तल उल्लेखित पदहरुको लागि दरखास्त आव्हान गरिन्छ।

**तपशिल**

| क्र.स. | पद | न्यूनतम योग्यता | संख्या |
| --- | --- | --- | --- |
| १. | स्टाफ नर्स (Staff Nurse)/अ.न.मि. (ANM) /सि.एम.ए. (CMA) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित कोर्स पुरा गरी नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको। सम्बन्धित क्षेत्रमा कार्य अनुभव भएको। | १० |
| २. | हेल्थ असिस्टेन्ट (HA) | मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित कोर्स पुरा गरि काउन्सिलमा दर्ता भएको। सम्बन्धित क्षेत्रमा कार्यअनुभव भएको। | १० |

**आवश्यक कागजातहरू**

१. नेपाली नागरिकताको प्रतिलिपि।
२. कम्तीमा २ जना सन्दर्भ व्यक्तिहरुको नाम र सम्पर्क नम्बरसहित व्यक्तिगत विवरण।
३. सम्बन्धित विषयमा उतिर्ण र शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, हस्तलिखित निवेदन, १ प्रति फोटो।
४. सम्बन्धित क्षेत्रमा कार्यअनुभव भएको प्रमाणपत्रको प्रतिलिपि।
५. कम्प्युटर सम्बन्धि राम्रो ज्ञान भएको।
६. ICU/NICU मा कार्यअनुभव भएकोलाई विशेष ग्रहायता।

*ईमेल मार्फत समेत सम्बन्धित पदको लागि दरखास्त दिन सकिनेछ।*

*दरखास्त दिने अन्तिम मितिः यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र बेलुका ५:०० बजे सम्म।*

**सम्पर्क ठेगानाः**

**बर्दिवास जनसेवा हस्पिटल प्रा.लि. बर्दिवास (गौरीडाँडा), महोत्तरी**

bardibasjanasewa11111@gmail.com

**"जनसेवाको अभियान, स्वस्थ समाजको निमार्ण"**

**दरखास्त सम्बन्धि आवश्यक जानकारीको लागि सम्पर्क**

**९८५४०४१५०४/९८५४०४१५२६/९८४४१७७१६**


## व्यावसायिक लोठसल्ला खेतीमा भोजपुरका किसान आकर्षित

भोजपुर । भोजपुरका किसान व्यावसायिक लोठसल्ला खेतीमा जुटेका छन् । मनग्य आम्दानी हुने भएपछि किसान औषधीजन्य बहुउपयोगी जडीबुटी लोठसल्लाको खेतीमा जुटेका हुन् । जिल्लाको लेकाली भेगमा यसको व्यावसायिक खेती हुँदै आएको छ।

यहाँको आमचोक गाउँपालिका २ मा सात कृषक मिलेर व्यावसायिक रुपमा लोठसल्लाको खेती थालेका छन् । बसाइसराइका कारण बाँझिँदै गएको जमिनको सदुपयोग गर्ने लक्ष्यले करिव तीन सय रोपनी जमिनमा लोठसल्लाको व्यावसायिक खेती विस्तार गरेको कृषक सन्तोष चौलागाँइले बताउनुभयो। हालसम्म १८ हजार विरुवा रोप्ने काम सम्पन्न भएको उहाँले जानकारी दिनुभयो । भावी दिनमा यसलाई थप विस्तार गर्ने उद्धेश्य रहेको उहाँको भनाइ छ । "सात जना कृषक मिलेर व्यावसायिक रुपमा तीन सय रोपनी जमिनमा लोठसल्ला खेती गरिरहेका छौँ"उहाँले भन्नुभयो,"हालसम्म १८ हजार विरुवा विस्तार गरिसकेका छौँ। शुरुमा आफ्नै लगानीमा थालेको काममा राज्यको तर्फबाट पनि केहि सहयोग पाउँदा खुसी लागेको छ।" किसानलाई जडीबुटी पकेट क्षेत्र निर्धारण गरेर आवश्यक सहयोग गर्दै आएको डिभिजन वन कार्यालयका प्रमुख वीरेन्द्र शाहले बताउनुभयो। भोजपुरमा लोठसल्ला, सतुवा, चिराईतोलगायत जडीबुटीको राम्रो सम्भावना रहेकोले यसको विस्तारमा जोड दिएको उहाँको भनाइ छ ।"भोजपुरमा जडीबुटीको निकै राम्रो सम्भावना छ" उहाँले भन्नुभयो,"यहाँको सम्भावनाको पहिचान गरेर लोडसल्ला, सतुवा,चिराईतोको व्यावसायिक खेतीमा प्रोत्साहन गर्दै आएका छौँ।"

आमचोक क्षेत्रमा किसानहरुले उहाहरणीय रुपमा लोठसल्लाको खेती गरिरहेको कार्यालयको भनाइ छ। किसानले स्वतस्फूर्त थालेको काममा केहि प्रोत्साहन गर्ने लक्ष्यले गत आर्थिक वर्षमा विरुवा खरिदको लागि रु.चार लाख पाँच हजार सहयोग गरेको वन कार्यालयका अधिकृत कपिलदेव अधिकारीले जानकारी दिनुभयो। यहाँका किसानले थालेको लोठसल्ला खेती नमूनायोग्य रहेको उहाँको भनाइ छ। विशेष गरेर जिल्लामा भूगोल अनुसारको जडीबुटी खेतीमा जोड दिइएको कार्यालयको भनाइ छ।

जैविक विविधतासँगै क्यान्सर जस्तो घातक रोगको औषधिको कच्चा पदार्थका रूपमा यसको पात तथा डाँठको प्रयोग हुने विज्ञहरुको भनाइ छ ।रासस

# मधेशमा प्रजातान्त्रिक मूल्य मान्यतालाई टर्च लिइ खोज्नु पर्ने

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशमा प्रजातान्त्रिक मूल्य मान्यताको अवस्था नाजुक भइ टर्च लिइ खोज्नु पर्ने स्थिति देखिएको प्रसंग उल्लेख गरिएको छ।

कुनै कालखण्डमा चेतनाको बीउ छर्ने, लोकतान्त्रिक राजनीतिक चेतनाको प्रवर्द्धन गर्ने , नेपाली कांग्रेसको उद्गम स्थल , गणतन्त्रका लागि शहादत दिने भूमि वर्तमानमा आपराधिक, जातीय , हिंसा अपराध र वितृष्णा भावलाई मलजल दिने स्थलमा परिणत भएकाले प्रजातान्त्रिक मूल्य मान्यता शब्दमा सीमित हुन पुगेको तथ्य औंल्याइएको छ ।




राजनीतिमा विभेद र दृष्टिकोणमा विभेद तथा गुटगत मनोविज्ञानले सत्ता र दल सञ्चालन गर्ने प्रवृत्तिले गर्दा लोकतान्त्रिक मूल्य मान्यता भनाइ , भाषणको विषय मात्र हुने गरेको चर्चा गरिएको छ।

प्रजातान्त्रिक विचार समाज धनुषाद्वारा शनिबार जनकपुरधाममा आयोजित मधेशमा प्रजातान्त्रिक मूल्य मान्यताको अवस्था विषयक अन्तरक्रिया कार्यक्रमका सहभागीहरुले प्रजातान्त्रिक विचार, व्यवहार र चरित्रको अभावमा मधेश प्रदेशमा संघीयता र प्रजातान्त्रिक मुल्य मान्यतालाई उपहास गर्दै पद्धतिलाई मन्त्री उत्पादन गर्ने कारखानामा परिणत गरेको बताए।

चुनावका माध्ममले लोकतान्त्रिक मूल्य मान्यता अपहरण , बन्धक बनेको चर्चा गर्दै नेपाली कांग्रेसका पदाधिकारीहरुले जनता , कार्यकर्तालाई मत प्राप्त गर्ने साँचौ मात्र बनाएको गुनासो गरे।

प्रजातन्त्रको उद्गम स्थल , कांग्रेसको जन्म थलो मधेशमा नेपाली कांग्रेसको सरकार नबन्नुमा गुटगत राजनीतिको प्रभुत्व रहेको सहभागीहरुले बताए।

जसपा, जनमत पार्टीको नेतृत्वमा मन्त्रीमण्डल बनेका कांग्रेसका मन्त्रीहरुले लोकतान्त्रिक मूल्य मान्यता विपरीत जनता , कार्यकर्ता र आस्थावानलाई बेवास्ता गरी हरेक कार्यमा अर्थोपार्जनमा कांग्रेसको गरिमालाई क्रय बिक्रय गरेको दृष्टान्त सहभागीहरुले प्रस्तुत गरे।

सरकारमा कांग्रेसी अनुहारको प्रतिनिधित्व छ भन्दै सहभागीरुले कांग्रेसको उर्वर भूमिमा प्रजातान्त्रिक अभ्यास किन नाजुक छ , चिन्तन गर्नु पर्ने अवस्था विद्यमान रहेको सहभागीहरुले ध्यानाकर्षण गराए।

पूर्व मन्त्री एवं नेपाली कांग्रेसका नेता महेश आचार्यले मधेशकै नागरिक चेतनाले देश बनेको स्मरण गराउँदे गुटगत राजनीतिले खण्डित गरेको कांग्रेसमा प्रजातान्त्रिक मूल्य मान्यता पार्टी सभाापतिदेखि सरकारमा सहभागी भएका भाषणमा टुक्काका रुपमा रुपान्तरण भइकांग्रेस शक्तिहीन बन्न अवस्थामा पुगेको बताए।

गुटको आँखाले पार्टी सञ्चालन गर्ने मनोविज्ञान नै सांस्कृतिक वैभवतामाथि प्रश्न खडा गरेको चचा् गर्दै उनले मधेशको प्रजातान्त्रिक गरिमालाई जीवन्त राख्न विचारको पुनरताजगी र सिंगो मधेशलाई एक ढिक्का गर्नु पर्नेमा जोड दिए।

कांग्रेसमा कल्पनाशील, चिन्तनशील नेताको अभावका कारण कांग्रेसमा दूरगामी दृष्टिकोणको रिक्तता देखिएको प्रसंग उल्लेख गर्दै दुर्गानन्द , महेन्द्र नारायण निधि, रामनारायण मिश्र, सरोज कोइराला, शेख इद्रिस, कामेश्वर कुशेश्वरको योगदानलाई कदर गर्नु आवश्यक रहेको धारणा राखे।

समाजका अध्यक्ष कुलचन्द्र वाग्लेले मधेशमा जातीय , वर्गीय विभेद कठोर भएको बताउँदै चिन्तनको उपज भूमिमा प्रजातान्त्रिक चेतना कमजोर हुनु सोचनीय अवस्था हो भनाइ राखे।

समाजका पूर्व अध्यक्ष एवं संरक्षक डा. केदार नरसिंह केसीले मधेश नेपालको राजनीतिको उद्भव स्थल भएकाले विचार , चरित्र र आचरण जस्ता पक्षलाई आत्मसात गर्न आग्रह गरे।

पूर्व मन्त्री एवं सासद रामकृष्ण यादवले लोकतन्त्र शब्ख नभइ आचरण भएको तथ्यलाई मनन गर्नु जरुरी छ भने।

नेपाली कांग्रेस धनुषाका सभापति योगेन्द्र पंजियारले मधेशमा लोकतान्त्रिक मूल्य मान्यताको अवस्था नाजुक भइ संगठन सुदृढ भन्दा पनि सत्ता र पावरमा केन्द्रित हुने मनोग्रन्थिबाट आक्रान्त भएको बताए।

महिला संघका केन्द्रीय सदस्य नीलु कणर्ले काग्रेसले मधेशको गरिमालाई स्खलित गर्ने कार्य गरिरहेका कारण काग्रेस अनुहारमा सीमित हुन पुगेको प्रसंग उल्लेख गरिन।

नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य रिंकु गायत्री मिश्रले लोकतन्त्रको क्षयीकरणले गर्दा मधेशमा मूल्य मान्यता पनि सत्ता आर्जन र मन्त्री उत्पादनको कारखानाको स्थिति देखा परेको बताइन्।

समाजका धनुषा अध्यक्ष नवीन झाको अध्यक्षतामा भएको कार्यक्रममा समाजका वरिष्ठ उपाध्यक्ष गोकर्ण अर्याल, राजनीतिक विश्लेषकहरु शंकर तिवारी, चन्द्रदेव भट्ट र प्रजातान्त्रिक योद्धा ललन चौधरीले राज्य व्यवस्था सञ्चालनमा परिवर्तनको चरित्र देखा नपरेका कारण लोकतन्त्र हाइजेक अवस्थामा रहेको प्रसंग उल्लेख गरे।

# मुलुकमा संघीयता विरोधी सरकार रहेको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । नेकपा माओवादी केन्द्रका केन्द्रीय सचिव लीलामणि पोखेलले मुलुक अत्यन्तै संकटपूर्ण अवस्थामा रहेको बताएका छन्।




धनुषाको मिथिला विहारी नगरपालिकास्थित मिथिलेश्वरमा शहीद चन्देश्वर मण्डलको १९ औं स्मृति दिवसमा बोल्दै मधेश प्रदेशका इन्चार्जसमेत रहेका सचिव पोखेलले अहिलेको नेकपा एमाले-नेपाली कांग्रेसको सत्ताधारी गठबन्धनले संघीयतालाई सखाप पार्न लागिपरेको आरोप लगाए।

उनले दश वर्षे जनयुद्ध, तेश्रो जनआन्दोलन, मधेश आन्दोलनलगायत विभिन्न आन्दोलनबाट प्राप्त उपलब्धिको रक्षाका लागि परिवर्तनकारी शक्तिहरु एकजुट हुनुपर्ने आवश्यकता रहेको औल्याए।

मुलुकमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाको लागि जनयुद्ध भएको स्मरण गर्दै सचिव पोखेलले वर्तमान सत्ता गठबन्धनको सरकारले संघीयता, समानुपातिक आरक्षणको व्यवस्था, प्रदेश सरकारलाई कमजोर पार्ने खाले विविध षड्यन्त्र गरिरहेको आरोपसमेत लगाए।

उनले संघीयता विरोधीको नेतृत्वमा सरकारमा रहेकाले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था, समावेशी समानुपातिक, अधिकारलगायतको संरक्षणका लागि आ-आफ्नो ठाउँमा एकपटक फेरी उठ्नुपर्ने बेला आएको बताए।

उनले भने, 'यो देशमा परिवर्तनका निमित्त माओवादीदेखि मधेश केन्द्रित दललगायत विभिन्न अधिकार प्राप्तिका लागि नयाँ दलहरुले आन्दोलन गरेर मुलुकमा परिवर्तन भएको हो, परिवर्तनकारी शक्तिहरु सत्ता केन्द्रित हुँदा पुराना दलले आफूलाई लोकतान्त्रिक शक्तिको नाममा एकअर्का विरुद्ध लडाएर सिध्याउन खोजे र अहिले फेरी पनि त्यही पुराना दलहरु एकजुट भएर मुलुकमा भएको परिवर्तन र परिवर्तनकारी शक्तिविरुद्ध राज्यको शक्ति दुरुपयोग गर्नतर्फ लागे।' उनले अघि थप्दैं भने, 'मुलुक अहिले निकै तरल अवस्थामा छ, त्यसैले फेरी पनि आन्दोलनको आवश्यकता छ।'

त्यस्तै माओवादी केन्द्रका केन्द्रीय सदस्य श्रवण यादव जीवनले शहीदले दिएको बलिदानी खेर नजाने भन्दै उनले शहीदको सपना पूरा गर्नका लागि हामी निरन्तर आन्दोलन र संघर्षमा रहेको स्मरण गरे।

शहीद चन्देश्वर मण्डलको स्मृति दिवसको अवसरमा रक्तदान कार्यक्र समेत सम्पन्न भएको छ । सो रक्तदान कार्यक्रममा ५० जनाले रक्तदान गरेको मिथिलविहारी नगरपालिका वडा नम्बर ३ का वडा अध्यक्ष श्यामकुमार मण्डलले जानकारी दिए।

# धार्मिक नगरी जनकपुरधामको विकासमा प्रदेश सरकारको चासो



**टुडे समाचारदाता**

जनकपुरधाम । ऐतिहासिक तथा धार्मिक नगरी जनकपुरधामस्थित तेल्हा पोखरीमा फाउन्टेन (पानी फोहोरा) संगै डिजिटल लाइटिंग तथा पोखरी डिलमा व्यवस्थित विश्रामस्थल निर्माण गर्ने मधेश प्रदेश सरकारको योजना रहेको छ।

मुख्यमन्त्री सतीशकुमार सिंहले शनिबार बिहान तेल्हालगायत जानकी वरपरका सरोबर अवलोकनपछि जनकपुरधाममा आउने आन्तरिक तथा बाह्य पर्यटकलाई आध्यात्मिक आनन्द तथा मनोरम अनुभूतिका लागि पोखरीमा पानी फोहोरासंगै विभिन्न धार्मिक घटनामा आधारित सन्देश प्रवाहित हुने डिजिटल लाइटिंग गर्न प्रदेश सरकारले पूर्वाधार तयार गर्न सहयोग गर्ने बताए।

उनले जनकपुरधाममा पर्यटक आकर्षित गर्ने छनोटमा आधारित विकल्पहरू भए पर्यटकको बसाइअवधि लम्बिने तथा धार्मिक एवम् पुरातात्विक महत्वका धरोहरहरूको संरक्षण तथा संवर्द्धन हुने बताए।

जानकी मन्दिरको उत्तरतर्फ रहेको अतिक्रमित तेल्हा पोखरीको केही समयअघि उद्धार गरी पोखरीको चारै डिलमा पक्की घाटलगायतको संरचना निर्माण गरिएको थियो।

मुख्यमन्त्री सिंहले तेलहा धार्मिक आख्यानमा आधारित पोखरीको सौन्दर्यीकरणका लागि स्थानीय तहसंग समन्वय गर्ने योजना रहेको बताए । मुख्यमन्त्री सिंहले पोखरीको दक्षिणी डिलमा १५ मिटरको दुरीमा लस्करै गुलमोहरको वृक्षरोपण गरिने बताए।

मुख्यमन्त्री सिंहको निर्देशनमा डिएफओ चौधरीले वृक्षरोपणका लागि समन्वयसहितको काम आज नै अघि बढाए।

उनले अव्यवस्थित तवरले सञ्चालित टहरा र ठेलाका पसल तथा गाडी पार्किंगले धार्मिक क्षेत्रको सौन्दर्य बिगार्ने हुँदा पसल सञ्चालनका लागि वैकल्पिक उपाय गरी व्यवस्थापन गरिनुपर्ने बताए।

मुख्यमन्त्रीसँगै रहेका जानकी मन्दिरका छोटे महन्थ रामरोशन दासले पचास वर्षभन्दा बढी समयदेखि पोखरी वरपर पसल सञ्चालन भइरहेकाले वैकल्पिक व्यवस्था नहुँदासम्म खाली गराउन कठिन भएको बताए।

# तारजालीबाट रेल्वे लिक घेराउ गरिदै

**टुडे समाचारदाता**

जनकपुरधाम । रेल्वे लिक वरपर दुर्घटना रोक्नका लागि तारजाली लगाइँदै छ।



मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयदेखि वंशी चोकसम्म रेल्वे विभागले लिकलाई तारजालीले घेराउ गर्दै फलामको पिलर ठड्याइएको छ। रेल्वे लिकको ड्यामको दुवैतर्फ गाडिएको फलामको पिलरमा तारजाली लगाइनेछ। जनकपुर रेल्वेका इन्जिनियर विनोद ओझाका अनुसार सुरक्षाका लागि सहरी क्षेत्र र बढी भीडभाड हुने इलाकामा रेल्वे लिकलाई तारजालीले घेर्ने काम भइरहेको छ।

रेल विभागका प्रवक्ता कमलकुमार शाहले पहिलो चरणमा जनकपुरको सहरी क्षेत्रमा रेल्वे लिकलाई तारजाली लगाएर घेरिने जानकारी दिए । उनले रेल सञ्चालनमा बाधा-व्यवधान नआओस् भनेर सुरक्षाका लागि तारजाली लगाउन थालिएको बताए।

रेल विभागका प्रवक्ता शाहका अनुसार रेल गुडिरहेकै बेला लिकमा मानिस र गाईगोरु आइदिँदा समस्या भइरहेको छ।

२०७९ पुस १३ यता रेल्वेमा दुर्घटनामा परेर ३ जनाको मृत्यु भएको थियो। सो अवधिमा रेलको लिकमा किचिएर ७ जना अंगभंग भएका छन्। एक जनाको भने रेलमा चढेका बेला हृदयघातले मृत्यु भएको रेल्वे सुरक्षामा खटिएका सशस्त्र प्रहरीका डीएसपी दयाराम पौडेलले जानकारी दिए। रेल्वेको सुरक्षाका लागि प्रहरी नायब उपरीक्षकको कमान्डमा सशस्त्र प्रहरीका ६० जना जनशक्ति परिचालन गरिएको छ।

# आइसियू, भेन्टिलेटर थन्काएर उपचार

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको लालबन्दी नगरपालिकामा सर्पदंश उपचार केन्द्रमा अत्यावश्यक उपकरण थन्काएर बिरामीको उपचार गर्न बाध्य छन्।



जिल्लाको लालबन्दी-१ स्थित नवलपुरमा रहेको सो उपचार केन्द्रमा विषालु सर्पले डसेर उपचारका लागि आउने बिरामी बढिरहँदा पनि अत्यावश्यक सामग्रीहरु थन्क्याएर राखिएको छ।

सर्पदंश उपचार केन्द्रसँग रहेको आइसियू र भेन्टिलेटर भने पाँच वर्षअघि खरिद गरेदेखि नै थन्काएर राखिएको छ । सर्पदंश उपचार केन्द्रमा मधेश सरकारको ३० लाख रुपैयाँ र लालबन्दी नगरपालिकाको पाँच लाख रुपैयाँ खर्च गरेर २०७६ साल जेठमा आइसियू र भेन्टिलेटर जडान गरिएको थियो।

उपकरण जडान गरेर सञ्चालन गरेको एक महिनामै हरिवन नगरपालिका-९ स्थित नयाँरोडबाट सर्पले डसेपछि उपचारका लागि ल्याइएको अढाई वर्षिया बालिकाको मृत्यु भएपछि मृतकका आफन्तले उपचार केन्द्रमा तोडफोड गरी स्वयंसेवकको रुपमा आइसियू र भेन्टिलेटर सञ्चालन गर्न निःशुल्क सहयोग गर्नुभएका डा. अर्जुन लामामाथि कुटपीट गरेका थिए। २०७६ साल असार २३ गते राति भएको उक्त घटनापछि सर्पदंश उपचार केन्द्रमा रहेको आइसियू र भेन्टिलेटर थन्काएर राखिएको छ।

उपचार केन्द्रमा अहिले सामान्य अवस्थामा ल्याइएका सर्पदंशका बिरामीलाई एन्टिस्नेक भेनम चलाएर उपचार गर्ने गरिए पनि गम्भीर अवस्थामा ल्याइएका बिरामीलाई जनकपुर, वीरगञ्जलगायत सुविधा सम्पन्न ठाउँमा रेफर गर्नुपर्ने बाध्यता रहेको छ। सर्पदंश उपचार केन्द्रका इन्चार्ज एवं हेल्थ असिस्टेन्ट जगर्नाथ यादवले आइसियू र भेन्टिलेटर थन्किँदा अतिविषालु सर्पले डसेर ल्याइएका बिरामीलाई उपचार गर्न अप्ठेरो परिरहेको बताए।

रेफर गरिएका बिरामीलाई एन्टिस्नेक भेनम चढाएर पठाए पनि सुविधा सम्पन्न अस्पताल खोज्दै टाढा लैजानुपर्दा ज्यान नै जोखिममा पर्ने गरेको हेल्थ असिस्टेन्ट यादवले बताए।

केही बिरामीको बाटोमा नै मृत्यु भएको छ। आइसियू र भेन्टिलेटरको अभावकै बिच नवलपुर सर्पदंश उपचार केन्द्रले वर्षेनि ठूलो संख्यामा सर्पदंशका बिरामीको उपचार गर्दै आइरहेको छ।

अघिल्लो आर्थिक वर्ष ०८०/०८१ को साउनदेखि असारसम्म २२५ जना पुरुष, २५५ जना महिला र ७३ जना बालबालिका गरी ५५३ जना सर्पदंशका बिरामीको उपचार गरिएको नवलपुर सर्पदंश उपचार केन्द्रले गरेको छ । त्यस्तै चालू आर्थिक वर्ष ०८१/०८२ को साउन महिनामा मात्रै ३९ जना पुरुष, ५४ जना महिला र १४ जना बालबालिका गरी १०७ जना सर्पदंशका बिरामीको उपचार भइसकेको छ।

वर्षा रोकिएर चर्को घाम लागि अत्यधिक गर्मी बढ्दा अहिले सर्पदंशका बिरामी बढिरहेका छन्। सर्पदंश उपचार केन्द्र सञ्चालक समितिका अध्यक्ष उद्धव पौडेलले थन्काएर राखिएको आइसियू र भेन्टिलेटर सञ्चालन गर्न चिकित्सक राख्न आवेदन माग गर्दा दक्ष चिकित्सकबाट आवेदन नै नपरेको बताए।

सर्पदंश उपचार केन्द्रमा अहिले एक जना एमबिबिएस डाक्टर, दुई जना एचए र दुई जना सिएमए कार्यरत रहेका छन् । उनीहरुलाई सहयोग गर्नका लागि नेपाली सेनाले दुई जना सिपाही खटिएका छन्।

लालबन्दी नगरपालिका-१ का वडा अध्यक्ष हरिबहादुर भट्टराईले सर्पदंश उपचार केन्द्रमा आइसियू र भेन्टिलेटर चलाउन सक्ने चिकित्सकको व्यवस्था गरिदिन प्रदेश र संघ सरकारमा बारम्बार ताकेता गर्दा पनि सुनुवाई नै नभएको बताए।

# फिरौती मागेको आरोपमा दुई जना पक्राउ




**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीको जलेश्वर मन्दिरबाट फिरौती माग गरेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ।

जिल्लाको सदरमुकाम जलेश्वर नगरपालिका- ५ का गफुर राईनलाई पैसा माग गरिएको र पैसा नदिए धम्कीपूर्ण भाषा प्रयोग गरेको आरोपमा २ जनालाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी निरीक्षक धर्मराज मुडभरीले जानकारी दिए।

रामगोपालपुर नगरपालिका-५ का जलेश्वर डेरा गरी बस्ने २४ वर्षीय सुनिल कुमार राउत र १९ वर्षीय करण मण्डललाई पक्राउ गरपएको प्रहरी निरीक्षक मुडभरीले बताए।

पक्राउ परेका दुबै जनाले केही दिन अगाडि बाटोमा चिठ्ठी दिएर ९२ हजार रुपैयाँ माग गरिएको र पैसा नदिए धम्कीपूर्ण भाषा प्रयोग गरिएको सूचना प्राप्त भएको थियो।

# पालिका प्रमुखहरुद्धारा भवन निर्माणसहित चार बुँदे निर्णय सार्वजनिक

**टुडे समाचारदाता**

राजविराज । सप्तरीका स्थानीय तहहरुले पालिका संघ भवन निर्माणका लागि आर्थिक सहयोग गर्नेसहित विभिन्न चार बुँदे निर्णय गरेका छन्।




सप्तरीको बलान बिहुल गाउँपालिकामा शनिबार बसेको पालिका प्रमुखहरुको नियमित बैठकमा चार बुँदे निर्णय सार्वजनिक गरेको छ।

पालिका प्रमुखहरुको बैठक, भेला र विभिन्न कार्यक्रम प्रयोजनका लागि पालिका संघको आफ्नै भवनको आवश्यकता महसुस गरि यस्तो निर्णय गरिएको बैठकमा सहभागि कंचनरुप नगरपालिकाका मेयर ललनप्रसाद गुप्ताले जानकारी दिए।

पहिलो चरणमा १८ वटै पालिकाले ५/५ लाख रुँपैया उपलब्ध गराउने र त्यसपश्चात् आवश्यकता अनुसार थप रकमसमेत उपलब्ध गराएर भवन निर्माण कार्यलाई पूर्णता दिने निर्णय भएको बैठकमा सहभागि डाक्नेश्वरी नगरपालिकाका मेयर रामलखन मुखियाले बताए।

भवन निर्माणका लागि राजविराजसित पायक पर्ने राजविराज वा विष्णुपुर गाउँपालिकामा जग्गा प्राप्तिको पहल गर्ने निर्णय समेत भएको छ।

बलान बिहुल गाउँपालिकाका अध्यक्ष खेमचन्द्र यादवको अध्यक्षतामा आयोजित बैठकले राजगढ गाउँपालिका अध्यक्ष ओमप्रकाश मण्डल तथा पत्रकारबीच केही दिन अघि भएको विवाद वार्ता, छलफल र आपसी सहमतिबाट समाधानको प्रयास गर्ने, जिल्लामा मदिराजन्य पदार्थको बिक्रि बितरण समय राती ९ बजेसम्म मात्र निर्धारण गर्ने र यसका लागि सुरक्षा समिति मार्फत पहल गर्ने निर्णय भएको छ।

यस्तै बैठकले पालिकाका प्रमुख प्रशासकीय अधिकृतको सरुवा गर्दा सम्बन्धीत पालिकाका अध्यक्ष/प्रमुखको अनिवार्य सहमति लिनु पर्ने व्यवस्थाका लागि गाउँपालिका/नगरपालिका राष्ट्रिय महासंघ तथा संघीय मामिला मन्त्रालयसँग पहल र सहकार्य गर्ने निर्णय समेत गरेको छ।

बैठकमा पालिका प्रमुख, उपप्रमुखहरुका साथै जिल्ला समन्वय समितिका प्रमुख शिवनारायण साह तथा उपप्रमुख शम्भुकुमार यादव लगायतको पनि सहभागिता रहेको थियो।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८